# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २०५ | काठमाडौं | बिहीबार, ०६ मंसिर २०८१ | Prabhab National Daily | Thursday, November 21, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**बालअधिकारप्रति संवेदनशील बनौं**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरन्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,
- बालबालिकाकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**एमालेको शक्ति प्रदर्शन**

# सत्ता हाँक्दै सडकमा परेड !

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली अहिलेका प्रधानमन्त्री हुन् । उनै ओलीको दल एमालेले मंसिर ७ गते दरबारमार्गमा परेड खेल्न लागेको छ । सुरुमा भृकुटीमण्डप तय भएको यो परेडको नाम 'जागरणसभा' राखिएको छ । एमालेले यो सभामा एक लाख मानिस उतार्ने जनाएको छ । भद्रकाली हुँदै दरबारमार्ग पुगेर सभा गर्ने कार्यतालिका बुधबारमात्र बनेको जागरणसभाका संयोजक राजन भट्टराईले बताए । कुप्रचार र गलत सूचनाविरुद्ध एमालेले यस्तो परेड खेल्न लागेको उनको भनाइ छ ।

कार्यक्रमलाई प्रधानमन्त्री ओलीले सम्बोधन गर्ने कार्यतालिका रहेको छ । पछिल्ला दिन प्रधानमन्त्री ओलीमाथि नकारात्मक टीप्पणी बढ्न थालेपछि पार्टीले यस्तो भ्रम चिर्न कार्यक्रम गर्न लागिएको भट्टराईको दाबी छ । भट्टराई आफैं भने कैलाश ढुंगेललाई संयोजकको जिम्मेवारी दिँदै बुधबार एक कार्यक्रमका लागि कम्बोडियातिर उडेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का केन्द्रीय सदस्य गणेश कार्कीले एमालेको सभा हास्यस्पद भएको तर्क गरेका छन् । 'देशमा अराजकता छ । प्रधानमन्त्री केपी ओलीले देशमा भइरहेको अराजकता रोक्न सकेनन् भनेर प्रधानमन्त्री केपी ओलीलाई तर्साउन एमाले अध्यक्ष केपी ओलीले सडकमा शक्ति प्रदर्शन गर्दै छन्,' कार्कीले भनेका छन्, 'एमालेले गर्न लागेको



सडक प्रदर्शनको अभिधा हास्यास्पद छ । लक्षणा लज्जास्पद छ । र व्यञ्जना, दीर्घकालका लागि खतरनाक छ ।' मंसिर १६ को निर्वाचनलाई लक्षित गर्न भनिए पनि एमाले अहिले छिमेकी देश भारत, सत्ता सहयात्री नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, रास्वपा सबैलाई 'साइज'मा राख्न आफ्नो शक्ति प्रदर्शन गर्न चाहेको देखिन्छ ।

(क्रमशः पृष्ठ २ मा)



देश बर्बाद हुँदै छ भन्ने निराशाको खेती गर्ने प्रयत्न भइरहेको छ, त्यसमा केही बोल्नुपर्छ भन्ने हो । सडक कब्जा गर्ने उद्देश्य होइन, तर्साउन पनि होइन ।

■ **प्रदीप ज्ञवाली**
**उपमहासचिव, नेकपा एमाले**



प्रधानमन्त्री केपी ओलीले देशमा बढ्दो अराजकता रोक्न सकेनन् भनेर उनलाई तर्साउन एमाले अध्यक्ष केपी ओलीले सडकमा शक्ति प्रदर्शन गर्दै छन् ।

■ **गणेश कार्की**
**सदस्य, रास्वपा**

# प्रसाईं कित्तामा रास्वपा

## प्रधानमन्त्रीमाथिको आरोपबारे छानबिन माग

■ **जेबी योञ्जन**

**काठमाडौं–** कम्बोडियाको टेलिकम स्मार्ट एजियाटामा साढे ३२ अर्ब रूपैयाँ सेयर प्रधानमन्त्री केपी शर्मा ओलीको रहेको गम्भीर आरोपपछि विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं पक्राउ परेसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यसबारे सत्यतथ्य छानबिन हुनुपर्ने जनाएको छ । प्रसाईंको गम्भीर आरोपपछि छानबिनको माग गर्ने रास्वपा एक्लो दल हो ।

'केही दिनयता सम्माननीय प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग जोडिएको विवादास्पद विषयमा केही व्यक्तिहरूसमेत पक्राउ परेको सन्दर्भमा सत्यतथ्य छानबिन गरी वास्तविकता प्रकाशमा ल्याउन सरकारसँग माग गर्दछ,' बुधबार जारी रास्वपाको विज्ञप्तिमा छ । प्रसाईंको आरोपलाई यसअघि नै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले भ्रमपूर्ण दुष्प्रचार भनेको छ । त्यही आरोपमा प्रसाईंलाई सिआइबीले पक्राउ गर्‍यो । उनीविरुद्ध अनुसन्धानका लागि बुधबार काठमाडौं जिल्ला अदालतले पाँच दिन हिरासतमा राख्न अनुमति दिएको छ । उनका केही सहयोगी पनि पक्राउ परेका छन् ।

यहीबेला रास्वपाले भने प्रसाईंसँगै उनका सहयोगीहरू पक्राउ परेपछि प्रधानमन्त्री ओलीमाथि विवादास्पद विषयमा सत्यतथ्य छानबिनको माग गरेको हो । रास्वपा सांसद शिशिर खनालले प्रधानमन्त्रीमाथि लागेको आरोप सत्य कि असत्य ? त्यसको छानबिन अनिवार्य हुने बताए । 'आरोप लाग्यो भने छानबिन हुनुपर्छ । अहिले प्रधानमन्त्रीज्यूलाई गम्भीर आरोप छ । आरोपी पक्राउ परे तर आरोपी पक्राउ पर्दैमा छानबिन गर्नु हुँदैन भन्ने होइन,






- प्रधानमन्त्री जोडिएको विवादास्पद विषयमा छानबिन गर्नुपर्ने रास्वपाको माग
- दुर्गा प्रसाईंको क्रियाकलाप 'अराजक' भएको एमालेको तर्क
- अराजकताविरूद्ध दरबारमार्गको जागरणसभा !

गर्नुपर्छ,' उनले प्रभावसँग भने ।

रास्वपाले यसअघि प्रधानमन्त्री ओली मुछिएको झापाको गिरिबन्धु टि स्टेट प्रकरणबारे अनुसन्धान नभएको भन्दै असन्तुष्टि जनाएको थियो । ओली प्रधानमन्त्री भएपछि उक्त काण्डको अनुसन्धान प्रक्रिया नै ठप्प भएको आरोप लगाएको थियो । यहीबीच विवादित मेडिकल व्यवसायी प्रसाईंले कम्बोडियाको टेलिकममा लगानी रहेको भन्दै ओलीले हस्ताक्षर गरेको भनिएको कागजात सार्वजनिक गरेपछि रास्वपाले प्रधानमन्त्री ओलीमाथि छानबिनको माग गरेको हो ।

एमालेले भने उक्त आरोपमाथि छानबिनको अर्थ नभएको बताएको छ । एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भ्रमको खेती गर्ने व्यक्तिले लगाएको आरोपको छानबिन नहुने बताए । बरु, रास्वपाले सभापति रवि लामिछाने पक्राउको आक्रोश पोखेको टीप्पणी गरे ।

'विनातथ्य, प्रमाण केही मान्छे भ्रम छर्छन्, त्यसलाई नै सत्य ठान्नेको ठूलो जमात छ । सत्यको परीक्षण गर्नु छैन अनि नयाँ दल भन्ने त्यसकै पछि कुद्छ, अनि कसरी छानबिन हुन्छ ? त्यो सम्भव हुने कुरा होइन,' गौमतले भने ।

प्रसाईंले सोमबार सामाजिक सञ्जाल फेसबुकबाट समेत प्रधानमन्त्री ओलीले कम्बोडियाको टेलिकममा लगानी गरेको भन्दै एउटा चिर्कटो सार्वजनिक गरेका थिए । त्यसलाई एमालेले भ्रामक दुष्प्रचार भन्यो । अन्ततः एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीको निर्देशनमा प्रसाईं भक्तपुरको निकोसेरास्थित घरबाटै पक्राउ परेका हुन् ।

प्रसाईंले लगाएको जघन्य आरोपको भिडियो सामाजिक सञ्जालहरूमा भाइरल बनेको छ । यसलाई लिएर एमालेले देशमा अराजकता फैलिएको जनाएको छ । त्यही भएर यही ७ मंसिरमा काठमाडौंको दरबारमार्गमा अराजकताविरुद्ध सन्देश दिन जागरणसभा गर्न लागिएको उपमहासचिव प्रदीप ज्ञवालीले बताए । उनले अहिलेको अराजकताले लोकतन्त्र कमजोर पार्ने भन्दै चिन्ता प्रकट गरे ।

'अराजकता र लोकतन्त्र सँगै जान सक्दैनन्, अराजकता मौलायो भने अलोकतान्त्रिक तत्त्वले खेल्छन्,' उनले भने । अहिले देश बन्दैन भनेर सामाजिक अराजकता फैलाई जनतामा निराशा छर्ने प्रयास भइरहेको ज्ञवालीले बताए । अराजकता र अस्थिरता चाहनेहरू एक ठाउँमा आउन खोजिरहेका उनले दाबी गरे । दुर्गा प्रसाईंको 'फेक डकुमेन्ट' यसको पछिल्लो उदाहरण भएको उनले बताए ।

(क्रमशः पृष्ठ २ मा)



अहिले प्रधानमन्त्रीज्यूमाथि गम्भीर आरोप छ । आरोपी पक्राउ परे तर आरोपी पक्राउ पर्दैमा छानबिन गर्नु हुँदैन भन्ने होइन, गर्नुपर्छ ।

■ **शिशिर खनाल**
**सांसद, रास्वपा**

**सन्दर्भः वैदेशिक रोजगार**

# युएईमा रहेका अवैध कामदारलाई वैधता प्राप्त गर्ने अवसर

## ३१ डिसेम्बरसम्म थपियो 'एम्नेस्टी २०२४'को अवधि

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई) सरकारले लामो समयदेखि अवैधरूपमा बसिरहेका आप्रवासी कामदार र विदेशी नगारिकलाई आममाफी दिनेगरी घोषणा गरेको 'एम्नेस्टी २०२४' को समयावधि दुई महिना थप गरेको छ । युएईले विशेषः गरेर अवैधरूपमा रहेका आप्रवासी कामदारहरूलाई लक्षित गर्दै उनीहरूलाई घर फिर्ती वा वैधरूपमा बस्ने अवस्था सिर्जना गर्न गत सेप्टेम्बर १ देखि अक्टोबर ३० सम्म दुई महिनाको समयावधि दिएर आममाफी कार्यक्रम ल्याएको थियो ।

युएईस्थित नेपाली दूतावासले एक विज्ञप्ति जारी गर्दै युएई सरकारले घोषणा गरेको एम्नेस्टी २०२४ को समयावधि दुई महिना थप गरी डिसेम्बर ३१ सम्म लागू हुने बताएको छ । दूतावासका अनुसार युएईमा अवैधरूपमा रहेका नेपाली कामदारहरूले वैधता प्राप्त गर्न अझै थप दुई महिनाको समय पाउने छन् । आममाफी दिने व्यवस्था लागू गरेसँगै लामो समयदेखि अवैधरूपमा रहेका आप्रवासी कामदारहरूले वैधता प्राप्त गर्ने बाटो खुलेको दूतावासले जनाएको छ । दूतावासले निर्धारित



समयमा तोकिएको प्रक्रिया पूरा नगर्ने कामदारहरू जुनसुकै बेला कारबाहीमा पर्न सक्नेतर्फ सचेत गराएको छ ।

विभिन्न कारणबाट रोजगारीको सिलसिलामा वा भिजिट भिसामा आइ 'ओभर स्टे' भई जरिवाना बुझाउन नसकी स्वदेश फर्कन नसकेका आप्रवासी कामदारहरूलाई लक्षित गरि एम्नेस्टी २०२४ ल्याएको दूतावासले उल्लेख गरेको छ । अतः थपिएको समयावधि भित्र वर्किङ भिसा/भिजिट भिसामा आएर रन अवे (कम्पनी छोडेर भाग्ने)/ओभर स्टेलगायतका जरिवाना तथा अध्यागमनसम्बन्धी समस्या भोगिरहेका नेपाली कामदारहरू एम्नेस्टीमा सहभागी भई लाभान्वित हुनसक्ने बताइएको छ । तोकिएको प्रक्रिया पूरा गरी नेपाल फर्कन वा युएईभित्रै बस्न कानुनी आधार निर्माण गर्न पनि दूतावासले आग्रह गरेको छ ।

आममाफी कार्यक्रममा सहभागी जो कोहीले युएईको अध्यागमनसँग सम्बन्धित जरिवाना वा कुनै शुल्क तिर्नु नपर्ने बताइएको छ । एम्नेस्टीमा सहभागी भई युएईमा नै रहन चाहने व्यक्तिले त्यहाँको मानव संशाधन मन्त्रालयबाट जारी 'जब अफर लेटर' लिई आफ्नो 'स्टाटस' परिवर्तन गर्नुपर्ने छ । एम्नेस्टीका निम्ति आवेदन दिन आफ्नो भिसा भएको इमिरेट्सभित्रका अध्यागमनमा मात्र सम्पर्क गर्नुपर्ने दूतावासले उल्लेख गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

# मलेसियामा आंशिकरूपमा कामदार माग

**काठमाडौं (प्रस)–** नेपालीहरूको प्रमुख श्रम गन्तव्यमध्येको एक मलेसियाले आंशिकरूपमा विदेशी कामदारको माग गर्न थालेको छ । गत मे ३१ देखि विदेशी कामदारको नयाँ भर्ना स्वीकृति रोकेको मलेसिया सरकारले कृषि, प्लान्टेसन, मार्ट तथा सेक्युरिटी गार्ड गरी चार क्षेत्रमा आंशिक रूपमा आप्रवासी कामदारको माग गर्न थालेको हो ।

मलेसिया सरकारको २०२४ भर विदेशी कामदार भर्ना नलिने नीति रहे पनि केही क्षेत्रमा भने खुला रहेको वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए । उनका अनुसार कृषि र सेक्युरिटी गार्डमा नेपाली कामदारको माग भइरहेको छ । 'कतिपय व्यवसायीले कामदार पठाउन डिमाण्ड ल्याए पनि मागपत्र प्रमाणीकरण हुन नसक्दा रोजगारीको अवसर गुमिरहेको छ,' उनले भने, 'मलेसियाले नयाँ कामदार भर्ना लिन थाले पनि हाम्रो नेपाली दूतावासले मागपत्र प्रमाणीकरण नगरिदिएका कारण कामदार पठाउन सकिएको छैन ।'

प्रतिस्पर्धी ठानिएका बंगलादेश, श्रीलंका, फिलिपिन्सलगायत मुलुकबाट मलेसियामा कामदार पठाउन थाले पनि नेपालको कूटनीतिक पहल कमजोर भएका कारण नेपालीको माग हुँदाहुँदै पनि रोकिनुपर्ने अवस्था आएको महासचिव भुर्तेलले बताए । दूतावासमा पुराना कर्मचारी कार्यअवधि सकिएको र नयाँ जान बाँकी भएकाले जनशक्तिको अभावमा मागपत्र प्रमाणीकरण हुन नसकेको जवाफ दूतावासले दिने गरेको उनको भनाइ छ । जसका कारण मलेसियामा कहिलेदेखि नयाँ कामदार पठाउन सकिन्छ भन्नेबारे यकीन गर्न व्यवसायीलाई गाह्रो परेको उनले बताए ।




## पृष्ठ १ बाट क्रमशः

### प्रसाई कित्तामा...

२००६ सालदेखि परिवर्तनका मुख्य संवाहक नेपाली कांग्रेस र नेकपा एमाले नै भएका बताउँदै उनले अहिले पनि अराजकता र अस्थिरता अन्त्यको लागि दुई दल एक ठाउँमा उभिएका बताए । तर, विगतमा प्रसाईंलाई एमाले केन्द्रीय सदस्य बनाएर भने गल्ती गरेको महसुस भएको उल्लेख गरे ।

प्रसाईंलाई प्रहरीले पटके साइबर अपराधमा अनुसन्धान गरिरहेको छ । पटक-पटक उही आरोपमा पक्राउ परेका कारण अब प्रसाईंमाथि पटके अपराधमा अनुसन्धान अगाडि बढाएको सिआइबीले जनाएको छ । सिआइबी प्रवक्ता होबिन्द्र बोगटीले भनेका छन्, 'एकपटक पक्राउ परेर अनुसन्धान भएपछि सधैंभरि उही अपराध गर्छु भन्न त पाइएन । अपराध गरिसकेपछि त अब पटके अपराधमा पक्राउ गरेर कारबाही अगाडि बढ्ने भयो ।'

सिआइबीले ओलीले कम्बोडियाको स्मार्ट एजियाटामा लगानी गरेको भन्ने दुर्गा प्रसाईंको भनाइ र त्यससम्बन्धी सार्वजनिक कथित प्रमाणलाई भ्रामक समाचार सम्प्रेषण गरेर सार्वजनिक नैतिकता र शिष्टाचारमा असर पर्ने गरी घृणा र द्वेष फैलाउने काम गरेको निष्कर्ष निकालेको छ । त्यही भएर प्रथम दृष्टिमै प्रसाईंले गरेको कार्य साइबर अपराध भनेको छ । प्रसाई दुई महिनाअघि पनि रास्वपाकी एक नेतृले दिएको साइबर अपराधसम्बन्धी उजुरीको अनुसन्धानका क्रममा पक्राउ परेका थिए । त्यसबेला उनी धरौटीमा रिहा भएका थिए । मुद्दाको टुंगो भने लागेको छैन । यहीबेला सोही कसूरमा प्रसाईं पक्राउ परेका हुन् । एउटै अपराधमा एकपटकभन्दा बढी पक्राउ परेपछि प्रहरीले पटके अनुसन्धानअन्तर्गत सजायको माग गर्ने तयारीसमेत गरेको छ ।

पटके अपराधमा हुने अनुसन्धानलाई गम्भीररूपमा लिने गरिन्छ । अदालतलेसमेत गम्भीररूपमा नै लिने गर्छ । पटके अपराध कायम गर्दा डेढी सजायको माग हुन्छ । तर, त्यसका लागि पहिले गरेको अपराध ठहरिनुपर्छ । प्रसाईं दोषी ठहरिन बाँकी छ ।

■■■

### सत्ता हाँक्दै ...

भारतले ओलीलाई प्रधानमन्त्रीको रूपमा मन पराएको छैन । जसकारण उनलाई भ्रमणको निम्तो आइरहेको छैन । चीन उड्न लाग्दा चीन सरकारको परियोजना बेल्ट एण्ड रोड एनिसियटिभ्स (बिआरआई)मा कांग्रेसले अप्ठेरो पारिरहेको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल दैनिकजसो सरकार ढल्न लागेको भन्दै अभिव्यक्ति दिँदै हिँडिरहेका छन् । यता रास्वपाले आफ्नो सभापति रवि लामिछाने पक्राउको मुख्य दोष ओलीमाथि लगाइरहेका छन् । हुँदाहुँदा ओलीमाथि व्यवसायी दुर्गा प्रसाईंले समेत कम्बोडियाको टेलिकममा लगानी भएको आरोप लगाएका छन् । आफूले काम गर्न नसकेर सडकबाट जनता तर्साउन खोज्नु गम्भीर विषय भएको रास्वपाका कार्यवाहक प्रवक्ता मनिष झा बताउँछन् । 'सत्ता पक्षले डेलिभर गर्ने हो । उहाँहरूले सडकमा आएर जनप्रदर्शन गर्ने रे ?,' झाले भने, 'सरकारको नेतृत्वले जनताको दैनिकी बिगारेर तर्साउँछु भनेर हुन्छ ?'

एमालेले भने देशमा सब ठीकठाक नभए पनि विस्तारै भइरहेको बताएको छ । यसबारे बुझाउन पनि एमाले सडकमा आउन लागेको एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले बताए । 'समाधान डेलिभरी नै हो । तर डेलिभरी भइरहेको छ भन्ने कुरा मान्छेले बुझ्नै चाहेन भने बुझाउन सकिएन भने डेलिभरीबाट जाग्नुपर्ने आशा पनि जाग्दैन,' ज्ञवालीले बुधबार सञ्चारकर्मीहरूसँग भने ।

उनले एमालेले सडक कब्जा गर्न लागेको नभई निराशाको खेती चिर्ने प्रयासमात्र हुने बताए । 'भइरहेका कुराहरूलाई सम्पूर्ण रूपले पर्दा लगाएर देश बर्वाद भइरहेको छ भन्ने निराशाको खेती गर्ने प्रयत्न भइरहेको छ, त्यसमा केही बोल्नुपर्छ भन्ने हो । सडक कब्जा गर्ने उद्देश्य होइन,' उनले भने । दरबारवादी शक्तिदेखि विभिन्न शक्ति यहीबेला सल्बलाइरहेकोले यसविरुद्ध शक्ति प्रदर्शन पनि भएको एमालेका नेताहरूको भनाई छ ।

अकुपाई दरबारमार्ग

पछिल्लोसमय एमाले अध्यक्ष ओलीले आफ्नो पार्टीको सभाहरू दरबारमार्गमै गर्न लागेका छन् । गत संविधान सभा दिवसमा ओलीले आफू प्रधानमन्त्रीकै रूपमा सहभागी हुन दरबारमार्गमा नेसनल डे कन्सर्ट आयोजना गर्न लगाएका थिए । संविधान जारी भएयता यसरी सडकमा पहिलो कार्यक्रम सरकारीस्तरबाट आयोजना भएको थियो । ओली २०७७ माघ २३ गते पनि दरबारमार्गमा शक्ति प्रदर्शनमा उत्रिएका थिए यसैगरी । तत्कालीन नेकपा छाडेर पुष्पकमल दाहाल र माधव नेपाल हिँडेपछि ओलीले दरबारमार्गमा शक्ति प्रदर्शन गरेका थिए । त्यतिबेला ओलीले सडकमा आफ्नो डमीसमेत राख्न लगाएका थिए । यसरी हेर्दा ओलीको दरबारमार्गप्रेम बढ्दो देखिएको कतिपय बताउँछन् ।

■■■

### युएईमा रहेका...

आममाफीको सुविधा उपयोग गरी नेपाल फर्कन चाहने व्यक्तिहरूका लागि ट्राभल डकुमेन्ट उपलब्ध गराउन दुबईस्थित अल अवीर इमिग्रेसनमा रहेको 'नेपाल हेल्प डेस्क'बाट प्रत्येक हप्ता बुधबारका दिनमात्र दूतावासका कर्मचारीले सेवा प्रदान गर्ने दूतावासले जनाएको छ । यस्तै २०२४ सेप्टेम्बर १ देखि जरिवानामा परेका तथा अध्यागमन नियम उल्लंघन गरेका व्यक्तिहरूलाई आममाफी सुविधा लागू हुने छैन ।

एम्नेस्टी २०२४ मा सहभागी भएका नेपाली कामदारले सम्बन्धित अध्यागमन कार्यालयले दिएको 'फाइन क्लियरेन्स' तथा प्रहरी रिपोर्ट पेस गरेमा दूतावासले उनीहरूलाई नेपाल फर्कन निःशुल्क एकतर्फी यात्रा अनुमतिपत्र (ट्राभल डकुमेन्ट) उपलब्ध गराउने छ । यद्यपि, नेपाल फर्कने हवाई टिकटको व्यवस्था कामदार स्वयंले गर्नुपर्ने बताइएको छ ।

# 'जलवायु परिवर्तनको प्रभावबाट जोगिन सबै एकजुट हुनुपर्छ'

**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलवायु परिवर्तनको प्रभावबाट जोगिन सबै एकजुट हुनुपर्ने बताएका छन् ।

विश्वभरका परामर्शदाताहरूको अन्तर्राष्ट्रिय संस्था 'फिडिक' को एसिया प्रशान्त क्षेत्रीयस्तरको तीनदिने अन्तर्राष्ट्रिय सम्मेलनको बुधबार समापन गर्दै मन्त्री खड्काले जलवायु परिवर्तनबाट निम्तिएका विपद् तथा वातावरणीय असन्तुलनलाई न्यूनीकरण गर्न सबैको साथ र सहयोगको खाँचो रहेको बताए ।

'संयुक्त प्रयासबाट मात्र हामी हाम्रो ग्रहलाई जोगाउन र उज्ज्वल भविष्य निर्माण गर्न सक्छौं, त्यसका लागि हामी सबैको हातेमालो जरुरी छ, दिगो विकासका लागि सबै एकजुट हुनुपर्छ,' मन्त्री खड्काले भने । उनले विश्व समुदाय र सम्बन्धित संस्थाहरूसँग जलवायु परिवर्तनका चुनौतीहरूलाई न्यूनीकरण गर्नका लागि दिगो समाधानका उपाय र प्रविधि हस्तान्तरणलाई अघि बढाउन सहयोगका लागि आग्रहसमेत गरे ।

कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु अनुकूलनका लागि दिगो विकासका नीति आवश्यक रहेको बताए । उनले उच्च पहाडदेखि तराईसम्मका समुदायले खाद्यसुरक्षा, पानी अभाव र विपद् व्यवस्थापनमा चुनौती सामना गरिरहेको भन्दै जलवायु अनुकूलनका लागि दीर्घकालीन योजना र दिगो विकास नीतिहरू आवश्यक रहेको बताए ।

मन्त्री ठकुरीले नेपालमा जलवायु परिवर्तनका असरहरू गम्भीररूपमा देखापरेको औंल्याउँदै हिमाली क्षेत्रका हिउँ र हिमनदी द्रुत गतिमा पग्लिरहेकोले जलप्रवाहलाई नै अस्थिर बनाएको उल्लेख गरे ।

तीनदिने सम्मेलनमा २३ देशका विज्ञहरूको सहभागितामा पूर्वाधार विकासलाई दिगो तथा वातावरणमैत्री बनाउन नवीनतम् प्रविधिको उपयोग गरी जल, वातावरण, आवास, यातायात, पर्यावरण, पूर्वसूचना प्रविधिलगायत विशिष्टीकृत विषयमा बहस र छलफल भएको थियो ।


**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशन मितिः २०८१/०८/०६

श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गा.पा.-४, दाङको बनबाट उत्पादन भई शान्तिनगर गा.पा.-४, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया काठ थान ३५५ को १७७७.३१ घ. फि जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन (२०८१।०९।२७ गते) भित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सरस्वती सामुदायिक उपभोक्ता समूह**
**शान्तिनगर गा.पा. -४, दाङ**



**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०८/०६

यस सदाबहार सामुदायिक बन उपभोक्ता समूहको बनबाट उत्पादन भई शान्तिनगर-१ नयाँवस्ती घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल जातको २९८३.१३ क्यूफि., असना जातको ५७२.६९ क्यूफि., बर्रो जातको ६१।९२ क्यूफि, धौटी जातको १३०.०१ गरी जम्मा ३७४७.७५ क्यूफि. गोलिया र साल दाउरा १४.०० चट्टा दाउरा समेत जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र यस समूहको कार्यालय वा डिभिजन वन कार्यालय दाङ(दाङ) बाट खरिद गरी यस समूहको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ ।

**श्री सदाबहार सामुदायिक बन उपभोक्ता समूह**
**शान्तिनगर-१,२ र बबई-६, दाङ, सम्पर्क नं. ९८२२८३७१४४**



**हेप्पी नेट प्रा. लि. (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन बमोजिम मिति २०७४/०४/०२ मा दर्ता भएको प्रा.लि.नं. १७०९४७ को हेप्पी नेट प्रा. लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/०७/२८ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्होर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्ने यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सरोज दाहाल**
**लिक्वीडेटर, इजाजत पत्र नं. ३५३**
**मो.नं. ९८५१२११००२**



**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Seven Seas Intercontinental Services Pvt. Ltd.** इजाजत पत्र न. ८८८/०६७/०६८ मा निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोवार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | संगत कुमार (लामा) तामाङ | ६६०३५ | रिलेशनसिप म्यानेजर |

SEVEN SEAS **Seven Seas Intercontinental Services Pvt. Ltd.**
Lic No.888/067/068 दाई कम्प्लेक्स, गुहेश्वरी, काठमाडौं, Phone : 01-5107440
E-mail : info@smanpower.com / Web.: www.smanpower.com



**कतारमा रोजगार** कम्पनी : ANSAR GALLERY

पूर्व स्वीकृति मिति : २०८०/०८/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०५ LT. No. 294989 चलानी नं. ६०२११०८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1700 | ६३,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३७,१८० | | | | | | | |
| 3 | Salesman | 0 | 1 | 1300 | ४८,३३५ | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 3000 | १,११,५४५ | | | | | | | |

कम्पनी : NEW WORLD COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/१७ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०८/०५ LT. No. 308148 चलानी नं. ६०२२२९८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 1 | 1000 | ३७,१८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOUR | 2 | 0 | 1000 | ३७,१८१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १३ गते (28th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 290/059/60
**NEPAL PLACEMENT AGENCY PVT. LTD.**
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal
Tel: +977-1-4531239, 4532999, Email : info@npajobs.com, Web : www.npajobs.com



**साउदीमा रोजगार** कम्पनी : ARZAQ AL MADINAH TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/०२ LT. No. 313857 चलानी नं. ६०२२८२९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR LODING & UNLOAD | 2 | 0 | 1000 | ३५,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOOR श्रम इजाजत नं. १०८८/०७३/०७४
**Al Noor Overseas Pvt. Ltd**
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



**MAURITIUS मा रोजगार** कम्पनी : FIREMOUNT TEXTILES LTD.

पूर्व स्वीकृति मिति : २०८१/०२/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०५ LT. No. 305538 चलानी नं. ६०२२४१२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 30 | 20 | 16500 | ४७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 832/066/67
**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com



**युएइमा रोजगार** कम्पनी : ATTAR ALARJWAN TECHNICAL SERVICES CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/०१/३१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०५ LT. No. 304672 चलानी नं. ६०२१९२२९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 11 | 0 | 1300 | ४७,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 1300 | ४७,६४५ | | | | | | | |
| 3 | Steel Fixer | 11 | 0 | 1300 | ४७,६४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GURUNG MAGAR SERVICES PVT. LTD.**
Basundhara-5, KTM. Nepal, Tel: +977-15903411, +977-15903412 , 9851002414 , 9849886526, 9841896927, 9851003258, 9849832175, Email: gmservicesnepal@gmail.com, Website : www.gurungmagarservices.com
Govt. Lic. No. 851/066/067


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बिहीबार, ०६ मंसिर, २०८१

| | |
|---|---|
| **मेष** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **वृष** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **मिथुन** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **कर्कट** | अरूको करकापमा काम गर्न बाध्य । |
| **सिंह** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **कन्या** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **तुला** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **वृश्चिक** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **धनु** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **मकर** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **कुम्भ** | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| **मीन** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ मंसिर, २०८१ (२१ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.७२ | १३५.३२ |
| युरो | १ को | १४१.९६ | १४२.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.९६ | १७०.७२ |
| स्विस फ्रैन्क | १ को | १५१.७६ | १५२.४४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८९ | ८७.२८ |
| क्यानाडियन डलर | १ को | ९५.५७ | ९६.०० |
| सिङ्गापुर डलर | १ को | १००.१६ | १००.६१ |
| जापानी येन | १० को | ८.६९ | ८.७३ |
| चिनियाँ युआन | १ को | १८.६० | १८.६८ |
| साउदी अरब रियाल | १ को | ३५.८९ | ३६.०५ |
| कतारी रियाल | १ को | ३६.९४ | ३७.१० |
| थाई भाट | १ को | ३.८७ | ३.८८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.६८ | ३६.८४ |
| मलेसियन रिङेट | १ को | ३०.०७ | ३०.२० |
| दक्षिण कोरियन वन | १०० को | ९.६३ | ९.६८ |
| स्विडिस क्रोनर | १ को | १२.२३ | १२.२९ |
| डेनिस क्रोनर | १ को | १९.०३ | १९.१२ |
| हङकङ डलर | १ को | १७.३१ | १७.३८ |
| कुवेती दिनार | १ को | ४३७.८६ | ४३९.८१ |
| बहराइन दिनार | १ को | ३५७.४० | ३५८.९९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# एमालेको ‘बेमौसमी’ प्रदर्शन

वर्तमान सरकारको नेतृत्वमा छन् एमाले अध्यक्ष केपी शर्मा ओली । ओली बालुवाटार पुगेपछि केही न केही ‘अफवाह’ सिर्जना गरेर जनतालाई रणभुल्ल पार्दिन्थे । ओली बेलाबेला नेताद्वेषी अभिव्यक्ति दिन्थे । बेलाबेला उटपटचाङ र मजाक गर्न पनि पछि पर्दैनथे । यही कारणले कतिपयले ओलीको उपनाम राखिदिए– टुक्के । उखान टुक्का सुनाएर मक्ख पार्न माहिर ओली अफवाह सिर्जनामा पनि काबिल मानिन्थे ।

अहिले भने ओली आफूभन्दा चौगुणा अफवाह फैलाउनेहरूको निशानामा परेका छन् । उनकै मन्त्र सायद अरुले नै ‘हाइज्याक’ गरेर होला अफवाहको इपिसेन्टर सरेर अहिले सामाजिक सञ्जालमा पुगेको छ । कसैले नजानीनजानी त कसैले जानीजानी ओलीमाथि थरिथरि आरोप लगाउन थालेका छन् । ओलीको जीवनमाथि हदैसम्म तल ओर्लेर आलोचना गर्नेहरू पनि निस्किएका छन् । यस्तो किन भयो, कसरी भयो भन्ने विषयमा सरकारले सबैलाई सचेत पार्ने अभियान चलाउनुपर्छ । यतिमात्र हैन बेलाबेला नेतृत्व तहबाट गल्तीहरूको सुधार, आत्मसमीक्षा र आत्मआलोचना हुनुपर्दछ ।

तर ओली यसरी पछाडि हट्ने पक्षमा देखिन्न । बरु कार्याकर्तालाई दुख दिएर सडकमा ओरालेर अरु शक्तिलाई तर्साउनेतिर उद्धत देखिन्छ । मंसिर ७ मा जसरी सरकार प्रमुखको हैसियतमा रहेको ओलीले सडकमा परेड खेल्न थालेका छन् । यो उदेकलाग्दो छ । अहिले अर्थतन्त्रको मेलो नराम्ररी बिग्रेको छ । अर्थमन्त्रीको नामोनिशाना सुनिन्न । समृद्ध नेपालको नारा उछालेर अगाडि बढेको ओलीले चुलाचुलामा ग्यास र रेलका कुरा बिर्सिसकेका छन् । चुनावी अभियानका बेला उनले राखेका महात्वकांक्षी योजना राम्रा थिए । तर उनले यो योजना पूरा गर्न सकेनन् । यसको मुख्य कारण देशको अर्थतन्त्र पनि हो ।

हाम्रो नेतृत्वले अहिलेको अवस्थामा आएर के बुझाउन सक्नुपर्छ भने देश अर्थतन्त्रको ट्र्यापमा फसेको छ । ऋणको ब्याज तिर्न ऋणकै सहारा लिनुपर्ने अवस्थामा पुगेको छ । यस्तो अवस्थामा सामाजिक सुरक्षाका कार्यक्रमहरू बढाएर सरकारले थप जोखिम मोल्नु हुन्न । बरु, जनतासँग यस विषयमा प्रस्ट भन्न सक्नुपर्छ । अफवाहलाई मलजल पुग्ने गरी टेडामेडा जवाफ दिनुको साटो प्रधानमन्त्री तहबाट पारदर्शी कुरा राख्नुपर्छ ।

अहिले जनता दुःखमा छन् । सरकारको आफ्नै दुःख छ । दुःख साझा गरे जनता पनि सरकारसँगै कामका लागि हातेमालो गर्न आउँछन् । यसले उज्वल भविष्यको मार्ग तयार हुन्छ । आफैं सत्तामा बसेर शक्ति प्रदर्शनको नाममा सडक कब्जा गर्नु अस्वाभाविक त छ नै, एमालेले गर्न लागेको ‘बेमौसमी’ प्रदर्शनको कुनै अर्थ छैन ।

## मनन्योग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- ‘मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला’ भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- ‘मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- ‘म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु’ भनी चिठी आचार्यलाई दिए ।

प्राचार्य विद्यालयबाट फकी आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- ‘गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।’ क्रमश :

# दमननाथ र पद्मरत्नलाई सम्झँदा



■ युवराज आचार्य

“मृत्यु साश्वत हो । ७७ वर्ष वा ८२ वर्ष अर्थपूर्ण जीवन बाँचेर मर्नु “असामयिक” होइन । दुई दाइको एउटा बिरासत छ, त्यसको निरन्तरता भने अब छैन । अर्थात् कांग्रेस-कम्युनिस्टमा विभाजित हाम्रो राजनीतिक समाजमा साझा दाइ वा दिदी छैनन् । बिरासतलाई जोगाउने उहाँहरुका स्मरण आदि हुन्, पद्मरत्न दाइका केही विचार प्रकाशित छन्, पुस्तककै रूपमा तर दमन दाइका स्मरण केही नजिकका सहयोगीसँग सुरक्षित छन् कि छैनन् थाहा छैन । मलाई अहिले पछुतो छ, १०-१५ वर्ष संगत गर्दा, तीन/चार वर्ष तुलनात्मक रुपमा फुर्सदै हुँदा मैले त्यो काम गर्नुपर्थ्यो । मैले सोचेको नि हो, तर गर्न सकिनँ ।

■■■

गत मंगलबार मध्यराति एउटा इमेल आयो, विद्याधर मल्लिकलाई सम्बोधन र नेपाल शान्ति प्रतिष्ठानसँग आबद्ध अरू आठजनालाई कपि गरेको । हेरेँ, शान्ति र द्वन्द्व व्यवस्थापनका विश्वप्रसिद्ध प्राध्यापक जोन पल लेदरकको रैछ, नेपालको शान्ति प्रक्रियाका दुई वरिष्ठ सहजकर्तामध्ये एक दमननाथ ढुंगानाको निधनमा दुःख व्यक्त गर्न इमेल लेखेका रहेछन्, जोन पलले । ‘मलाई फेरि नेपाल भ्रमण गर्न मन छ, तर अब म दुईजना दाइहरू- दमन र पद्मरत्नसँगै बस्न भने पाउने छैन । यति धेरै सम्झना छन् र वर्षौंका लागि यस्तायस्ता प्रेरणा....।’ त्यसै बेला ह्वाट्सएप ग्रुपको अर्को सन्देश देखेँ, ‘आज सुरु हुने संवाद सम्मेलनको सफलताको कामना’ बारे ।

सुत्नेबेलाको जस्तोसुकै सन्देश होस्, त्यसले निद्रा बिगाछ्र, केहीबेर भए पनि । सन्देशको विषयवस्तुमा अर्थात् अतितमा फर्काउँछ र दिमागमा केही नयाँ सोच उत्पन्न गराउँछ । ‘दुईजना दाइ’ र ‘संवादको संस्कृति’ दुई विषय धेरैबेर मेरो दिमागमा घुमे, निद्रा बिथोल्ने विषय बनेर । नेपालीमात्रै होइन, विदेशी विद्वानहरूलेसमेत ‘दाइ’ भन्ने दुवै दाइको देहावसान, १२ बुँदे सम्झौता र बृहत शान्ति सम्झौता सबैको एउटा नोभेम्बर संयोग रहेछ ।

पद्मरत्न दाइ सन् २०१८ को नोभेम्बर ४ मा बित्नुभएको थियो । त्यसको छ वर्ष १३ दिन थप बाँचेर दमन दाइ नोभेम्बर १७, २०२४ मा बित्नुभयो, शान्ति सन्झौताले १८ वर्ष पूरा गर्नु चार दिनअघि । यही संयोगको चर्चा पनि हामीले दाइहरूसँग अनेकपल्ट गरेका थियौं, एकजना खाँटी कांग्रेस, अर्को खाँटी कम्युनिस्ट कसरी कांग्रेस र कम्युनिस्टका खाँटी संयुक्त दाइ बन्नुभयो ? दुवै जनाको एउटै उत्तर हुन्थ्यो, ‘संयोग’ । संयोगले दुई दाइलाई एकठाउँ ल्यायो होला, थालनी कुनै उद्देश्य-प्रेरित थियो होला तर दुई दाइको सम्बन्ध पछि अत्यन्तै भावनात्मक भयो । मैले उहाँहरू एक्लाएक्लै हुँदा एक/दुई पटकमात्रै भेटेँ, संगत गरेको भने दुईजना संयुक्त दाइ भइसकेपछि हो ।

पहिलोपटक पद्मरत्न दाइसँग सँगै टयाक्सीमा उहाँको घरबाट सोल्टी होटल गयौं । श्रीलंकामा कार्यालय रहेको रिजनल सेन्टर फर स्ट्राटेजिक स्टडिजको कुनै कार्यक्रममा भाग लिन आएका श्रीलंकाली द्वन्द्वविद कुमारा रूपसिंघेलाई भेट्न । यो २०६०/६१ सालतिरको कुरा होला । पद्मरत्न दाइको शान्तिको चाहना ओठे होइन, हृदयदेखि आएको हो भन्ने मैले उहाँको रूपसिंघेसँगको वार्ताबाटै गहिरोसँग बुझेको हुँ । बिहान पद्मरत्न दाइसँग गफ गरेका रूपसिंघेले त्यही दिउँसो आर्किड होटलमा लेक्चर दिए- नेपालले यसो गर्नुपर्छ, उसो गर्नुपर्छ भन्दै । हुबहु पद्मरत्न दाइका कुरा त्यहाँ थिए र सबैजसो मिडियाले प्राथमिकतासाथ छापेका थिए, नेपालीकै कुरा विदेशीको मुखबाट निस्केको थियो ।

म अनमिनमा हुँदा अलिअलि भेट भए तर म युएनडिपीमा गएपछि शान्ति निर्माणको एउटा प्रोजेक्टमा दाइहरूको अनुभव तल्लो तहका राजनीतिक कार्यकर्ता र द्वन्द्वका पक्षहरूसँग लैजाने एउटा कार्यक्रम डिजाइन गऱ्यौं । स्थानीय तहमा संवादको संस्कृति प्रवर्द्धन गर्ने, संवादको सहजकर्ताको सहजीकरण क्षमता बढाउने सो कार्यक्रमका क्रममा नै हो मैले दाइहरूसँग लामो, गहिरो संगत गर्न पाएको, धनकुटादेखि धनगढीसम्म कहिले एक हप्ता, दुई हप्ता सँगै डुलेको ।

जोन पलले दाइहरूमा ठूलो बौद्धिक क्षमता देखे होला, दईजनाको संयक्त पहलमा शान्तिलाई प्रभाव पार्नसक्ने शक्ति देखे होला, उनले आफूले संसारभरिका द्वन्द्व व्यवस्थापनको अध्ययन गर्दा दाइहरूको शैलीलाई कुनै सिद्धान्त लगाएर हेरे होला र त्यसबाट कुनै सिद्धान्तको प्रयोग वा प्रतिपादन नै गरे होला । त्यो क्षमता ममा छैन । मैले एक मान्छे, उसको भावना, लगाव, इच्छा, तत्परताजस्ता सामान्य मानवीय पक्षमात्रै पढ्न सकेँ ।

वि.सं. २०७४ तिरको होला, एउटा लामो मधेस यात्रामा दमन दाइ, म र पत्रकार चन्द्रकिशोर घुम्दै थियौं । दाइ जवान हुँदाका चिनजानका मान्छेका घरसमेत खोज्दै गयौं, सर्लाहीतिरका कोइराला, महोत्तरीका मिश्रदेखि राजविराजका खुशीलाल मण्डलसम्मका घर । त्यो बेला दाइको स्मृतिलाई २०२७/२८ सालतिर धकेल्न मैले थोत्रो टेम्पो र रिक्सामा हालेर उहाँलाई जयनगरसमेत पुऱ्याएँ । दाइ र म दुवै त्यहाँ पुगेपछि एकछिन नोस्टाल्जिक भयौं । दाइको कांग्रेस राजनीतिको माडर-जयनगर कनेक्सन, मेरो जीवनको पहिलो फिल्म, ‘हात्ती मेरा साथी’ हेरेको ठाउँ । दाइले नौजवान कांग्रेसी ठिटो हुँदा खद्दरको कुर्ता किनेको ठाउँ खोज्नुभयो, हामीले गम्छा-सम्छा केही किन्यौं र सिरहा फर्कियौं । इतिहास र राजनीतिमा रुचि भएकाले दमन दाइसँग म नौ-दश दिन लामो यात्रामा निस्कँदा मेरो रुचि नै इतिहास कोटयाउनु हुन्थ्यो ।

दोस्रो संविधानसभाको चुनाव आउँदै थियो, हामी एकदिन धनगढीमा थियौं । एउटा समाचार आयो वैद्य समूहको आक्रमणमा ट्रक चालक मारिए, कता बम पड्कियो, .... । अघिल्लो संविधानसभा असफल भयो, यो दोस्रो संविधानसभा चुनाव हिंसाको मारमा पऱ्यो भने अहिलेसम्मको शान्ति प्रक्रिया के हुन्छ ? यात्रामा दुई दाइको गफ यसैमा केन्द्रित थियो । मलाई एकजना वैद्य समूहका नेताले धेरै केन्द्रीय सदस्यहरू कैलालीको पहाडी क्षेत्र सुगरखाल कि कुनै गाउँतिर हुनुहुन्छ भन्ने सूचना दिनुभयो । हाम्रो योजना बन्यो उनीहरूलाई भेट्ने । नौ-दशजना केन्द्रस्तरका नेता कर्णाली किनारासम्म झर्ने, हामी त्यहाँ पुग्ने चाँजो मिलायौं । दुई दाइको बुझाइ कति गहिरो छ भन्ने कुरा त्यहाँको छलफलमा देखियो । सन्देश प्रस्ट थियो न नागरिक समाज, न विदेशी, न पार्टीकै कार्यकर्ताको ठूलो पंक्ति थप द्वन्द्व बेहोर्ने-सहने पक्षमा छन् । त्यसैले थप हिंसाले एउटा क्रान्तिकारी धारको बिसर्जन गर्ने छ । वैद्य समूहका नेताको तर्क थियो- यो चुनावले टालटुले संविधान बनाएर यथास्थितिलाई संस्थागत गरिँदै छ ।

ठट्टा गर्दै मैले कति पटक सोधेको छु, दमन दाइ कम्युनिस्ट हुनुभाको कि पद्मरत्न दाइ कांग्रेस हुनुभा’को ? दुवैको एउटै स्वर सुन्दा छुटयाउन गाह्रो छ । दाइहरूको एउटा जवाफ सम्झन्छु, अन्तरआत्मामा कांग्रेस-कम्युनिस्ट छिर्दैन, शान्ति, सामाजिक न्याय र मानवअधिकार जस्ता केही विषय हाम्रो अन्तरआत्माबाट आएकाले होला पार्टी नछुट्टिएको । बोलीमा यदाकदा दाइको संस्कार देखिन्थ्यो, दमन दाइको ‘नानी, तिमी...’, पद्मरत्न दाइको सधैं ‘फलाना जी, तपाइँ’ । तर, राष्ट्रिय दाइको सम्मान पाएका दुवैका संवोधनमा भएका यी साना व्याकरणीय फरकपना कसैले ख्यालै नगर्ने । त्यसैले दुई दाइहरूको सम्बन्ध विचार, कुनै लक्ष्य वा उद्देश्यले भन्दा अन्तरआत्माले जोडेको थियो जस्तो लाग्छ ।

हरेक बिहीबार भेट्ने, देश, राजनीति, समाज कता जाँदै छ भनेर छलफल गर्ने, चिया पिउने र छुट्ने । नेपाल शान्ति प्रतिष्ठानको नियमितजस्तै कार्यसूची हो । पद्मरत्न दाइको मृत्युपछि अलि पातलिए पनि स्वास्थ्यले साथ दिएसम्म दमन दाइ र डा. वीरेन्द्रप्रसाद मिश्रले बिहीबारे बैठक छुटाउन मन गर्नुभएन । तर, कुरा गर्दा कुनै अदृश्य तर गहिरोसँग कोरिएको रेखाले सीमाको काम गर्दो रहेछ । दमनदाइको गम्भीर राजनीतिक-सामाजिक कुरामा थोरै अरुचिचाहिँ बढेको थियो पद्मरत्न दाइको अवसानपछि । धेरै चोटि अब मेरो नि पालो आइसक्यो भन्नुहुन्थ्यो । हामी भन्थ्यौं कालले सूची बनाएर पालो तोकेर लैजाँदैन दाइ ।

पद्मरत्न दाइको मृत्युको एक/दुई महिना दाइको केही गर्ने जाँगर देखिएन, तर एकदिन अचानक विनोद भट्टराईले अर्को कसले मेरो अलिअलि स्मरण डकुमेण्ट गरेको छ, हेर्नू त । मैले दुईवटा कम्प्युटर खोजेपछि केही फाइल फेला पारेँ । दाइ कहिलेकाहीँ दिउँसो एक्लै पनि आउने, मैले बीसौंपटक लेख्न थालौं दाइ, थाले सकिन्छ, पूरा तयारी गरेर थाल्छु भन्दा थाल्नै समय लाग्छ भनेँ । मैले ६० वटा जति प्रमुख घटना सम्झनुस्, एक पेजमात्रै लेख्नुस्, तन्काउने काम अरूको हो भनेँ । राजी हुनुभएको थियो तर थाल्दै थाल्नुभएन ।

दाइ काममा नि परिपक्वतावादी । उहाँले ‘थाल्दै गर्ने’, साना निबन्धलाई पछि तन्काउने भन्ने मेरो तरिकालाई स्वीकार नै गर्नुभएन, दमन ढुंगानाको आत्मकथा आयो भनेपछि समाजले गम्भीर रूपमा हेर्छ भन्ने मनोविज्ञान दाइमा थियो । दाइको दिमागबाट एकैपल्टमा निस्कने गम्भीर लेखनको भूतले छोडेन । पद्मरत्न दाइ जीवित हुँदै आधा दर्जनजति भिडियो मेकर, लेखक आए । दमन दाइको अन्तर्वार्तासमेत गरे तर दमन दाइले लेखनलाई सामान्यीकरण गर्नै सक्नुभएन, लेखन भनेको ठूलो विषय बनाएरै बस्नुभयो ।

माथि भनेझैं धनगढीदेखि धनकुटासम्म यात्रा गर्दा नि दाइको ६०-६५ वर्षको स्मरण नदोहोरिने । विशेषगरी कुनै घटनामा दमन दाइ र पद्मरत्न दाइको अनुभूति अति नै चाखलाग्दा । २०४६ सालको आन्दोलनका बेला जेल सरुवा गरेर रसुवा लैजाँदाको अनुभूति, सभामुख नियुक्त भएपछि संसद्को पहिलो अधिवेशन आह्वान गर्ने विषयमा दरबारसँग भएको खटपट, कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालासँग भएको असमझदारीदेखि २०७४ सालको चुनाव लड्ने निर्णयसम्मका दमन दाइका कथा नलेखिइ मरे । पद्मरत्न दाइका दरबारको भेट्ने निम्तो आएका दिन दौरा सुरुवाल नभएर भएको छटपटी, ३० मिनेटको भनेको भेट राजा वीरेन्द्रले डेढ घण्टा लम्ब्याएको प्रसंग, गाई काट्ने प्रसंग आदिका समाचार त पढियो । कति ठूलामान्छेको सामाजिक जीवनमात्रै समाजले देख्छ । कारण उनीहरूको निजी जीवन आफ्नै व्यक्तित्वको ओझेलमा परेको हुन्छ । मलाईचाहिँ राजनीति, दर्शनका ठूला-ठूला कुराभन्दा उहाँहरूका व्यक्तिगत अनुभूतिले बढी बाँध्छ ।

राजनीति, इतिहासपछि हामीले धेरै गफ गरेका अर्का दुई विषय थिए मृत्यु र स्वास्थ्य । सन् २०१२-१३ तिर होला हामी भेडेटार पुगेका थियौं, एकजना पूर्वराजदूतले दमन दाइ र पद्मरत्न दाइलाई लिएर धनकुटा जानुभयो । त्यहाँ नागरिक समाज भेला भएर भाषणबाजी चले छ, राति ८ बजेसम्म । दुवै दाइको औषधिको समय घड्कियो, खानाको सन्तुलन बिग्रियो । उहाँहरूको अनुहार हेर्दा अत्यन्तै शिथिल । यात्रामा मैले खाना र औषधिचाहिँ अत्यन्तै ख्याल गर्ने दुई विषय हुन्, त्यो दिन दुवै बिग्रियो । खाना खाँदा दमन दाइले भन्नुभयो- यो उमेर भयो, यस्तैमा फुस्स गइन्छ कुन दिन । मैले भनेँ, ‘कालले उमेर हेर्छ र दाइ ?’



## शान्ति सन्झौताका १८ वर्ष

तर पनि दाइहरूको उमेर र स्वास्थ्य हेरेर डरचाहिँ लागिरहने । अलग-अलग कोठामा सुत्नुभएका दाइहरूको ढोकाको प्वालमा कान थापेर राति पनि पटक-पटक घुरेको आवाज सुनेको छु । सायद मैले खाना, औषधि, र आरामलाई बढी महत्त्व दिएको देखेरै दाइहरू विश्वस्त हुनुभयो होला, काठमाडौं बाहिर जाँदा परिवारका सदस्य लैजान छोड्नुभयो ।

मृत्यु साश्वत हो । ७७ वर्ष वा ८२ वर्ष अर्थपूर्ण जीवन बाँचेर मर्नु ‘असामयिक’ होइन । दुई दाइको एउटा बिरासत छ, त्यसको निरन्तरता भने अब छैन । अर्थात् कांग्रेस-कम्युनिस्टमा विभाजित हाम्रो राजनीतिक समाजमा साझा दाइ वा दिदी छैनन् । बिरासतलाई जोगाउने उहाँहरूका स्मरण आदि हुन्, पद्मरत्न दाइका केही विचार प्रकाशित छन्, पुस्तककै रूपमा तर दमन दाइका स्मरण केही नजिकका सहयोगीसँग सुरक्षित छन् कि छैनन् थाहा छैन । मलाई अहिले पछुतो छ, १०-१५ वर्ष संगत गर्दा, तीन/चार वर्ष तुलनात्मक रूपमा फुर्सदै हुँदा मैले त्यो काम गर्नुपर्थ्यो । मैले सोचेको नि हो, तर गर्न सकिनँ ।

शान्ति सम्झौताको १८ वर्ष पूरा भएको अवसरमा म दुई दाइलाई स्मरण गर्न चाहन्छु । दमन दाइसँगको अन्तिम भेट नि भदौ १५ मा थियो त्यो पनि शान्ति सम्झौताकै अभिन्न अंग, संक्रमणकालीन न्यायका सन्दर्भमा । शान्ति प्रक्रियामा प्राप्त गरेका उपलब्धिको समीक्षा गर्ने बेलासमेत भएको छ । संविधान बन्यो, सेनाको व्यवस्थापन भयो तर संक्रमणकालीन न्यायको मुद्दा आफ्ना मान्छे राखेर आफू अनुकूल गर्ने दाउपेचमै लड्किरहेको छ, आर्थिक-सामाजिक रूपान्तरणको मुद्दा कसैले उच्चारण गर्न छोडिसके । सफलता र गर्न बाँकी काम सम्झँदा दुवै दाइको निरन्तरका चासोहरू झनै सम्झना आउँछन् । दुवै दाइहरूप्रति हार्दिक श्रद्धाञ्जलि । *रासस*

*(लेखक पत्रकार एवं नेपाल शान्ति प्रतिष्ठानका महासचिव हुन्)*

# सिञ्जा सभ्यता खस संग्रहालय अझै सञ्चालनमा आएन



**जुम्ला–** जुम्लाको सिञ्जा गाउँपालिका-२ मा निर्माणाधीन सिञ्जा सभ्यता खस संग्रहालय अझै सञ्चालनमा आएको छैन । २०७६ असार ६ गते शिलान्यास गरी निर्माण सुरु भएको छ वर्ष बितिसक्दासमेत काम अझै अधुरै छ । चार हजार वर्गमिटर क्षेत्रफलमा निर्माण भइरहेको सो संग्रहालयका अधुरा संरचना पनि जीर्ण बन्दै गएका छन् ।

संग्रहालय निर्माण उपभोक्ता समितिका सचिव महेन्द्रराज तिवारीले सिञ्जा सभ्यताको ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक सम्पदा झल्किने तथा पर्यटकका लागि अवलोकन केन्द्रको रूपमा विकास गर्ने उद्देश्यले निर्माण सुरु भएको पनि पूर्णता पाउन नसकेको बताए । उनले मौलिकता झल्काउनेगरी संग्रहालय बनाउनुपर्छ भन्दा सुनुवाइ नगरी कंक्रिटका भवनगायतका संरचना बनाउन सुरु गरेकाले तिनले पूर्णता नपाउनु दुःखद भएको धारणा राखे । 'संग्रहालयका लागि बनिरहेका संरचनाप्रति म व्यक्तिगतरूपमा सन्तुष्ट छैन । सुरूदेखि नै संग्रहालयका लागि कंक्रिट संरचना नबनाऊ भनेकै हो, तर सुनुवाइ भएन । काम सुरु भयो, केही भवनमात्रै बनाउने काम भएको छ तर यस्तो अवस्थामा कहिले कामले पूर्णता पाएर सञ्चालनमा आउने हो टुंगो छैन,' सचिव तिवारीले भने ।

यहाँका विभिन्न स्थानमा १३औं शताब्दीमा निर्माण भएका चारवटा ऐतिहासिक देवल रहेका छन् । तीमध्ये तीनवटा संग्रहालयस्थलभन्दा बाहिर छन् । ती तीनवटै देवललाई काँडेतारले सुरक्षा गरिएका छन् । सोही गाउँमा तीबाहेक विभिन्न स्थानमा आठवटा सम्पदा रहेका सिञ्जा गाउँपालिका-२ का वडाध्यक्ष तीर्थ वडले जानकारी दिए । उनका अनुसार हाल संग्रहालयका लागि निर्माण गरिएका भवन सिमेन्ट, सरिया र जस्ता पाताको प्रयोग गरेर बनाइएका छन् । त्यहाँ साना ठूला गरी तीनवटा कंक्रिट भवन छन् । सोही स्थानमा रहेको परम्परागत माटोको घर भने जीर्ण बनेर भत्किँदै गएको छ । स्थानीयवासी उमेश बुढाले सिञ्जाको ऐतिहासिक पक्ष र यहाँको मौलिकता संरक्षणका लागि बनाइएको संग्रहालयको बाँकी काम सम्पन्न गरी तत्काल सञ्चालनमा ल्याउनुपर्ने बताए ।

### संग्रहालयका लागि एक करोड ३४ लाख लगानी

नेपाली खस भाषाको उद्गमस्थल रहेको सिञ्जामा कर्णाली प्रदेश सरकार र भू-तथा जलाधार व्यवस्थापन कार्यालय जुम्लाको सहजीकरणमा संग्रहालय निर्माण हुन थालेको छ वर्ष भयो । वि.सं. २०७६ मै ५० लाख रूपैयाँको लागतमा संग्रहालय निर्माण सुरु गरिएको थियो । हालसम्म संघ, प्रदेश र स्थानीय सरकारको एक करोड ३४ लाख रूपैयाँभन्दा बढी खर्च भइसकेको छ । यहाँ सिञ्जा गाउँपालिकालेसमेत लगानी गरिरहेको छ । सुरुमा संघीय सरकारबाट विनियोजन ५० लाखमध्ये २० लाख विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मा खर्च भयो । बाँकी ३० लाख रूपैयाँ पर्खाल निर्माणमा खर्च भएको खस संग्रहालय निर्माण उपभोक्ता समितिका सचिव तिवारीले जानकारी दिए ।

गाउँपालिकाको २५ लाख रूपैयाँ लगानीमा पुस्तकालय भवन र आठ लाख रूपैयाँमा परम्परागत भवन निर्माण सुरु भएको थियो । उक्त भवन दिनप्रतिदिन जीर्ण बन्दै गएको छ । ५१ लाख रूपैयाँको लागतमा संग्रहालय भवन निर्माण गरिएको छ । यसमा कर्णाली प्रदेश सरकारको १० लाख रूपैयाँ र गाउँपालिकाको ४१ लाख रूपैयाँ खर्च भएको छ ।

### सिञ्जा सभ्यताको संरक्षण र प्रवर्द्धनमा टेवा पुग्ने

वि.सं. १४५५ मा राजा जालन्धरले सिञ्जा राज्य स्थापना गरेको इतिहास छ । राजा जालन्धर शिवभक्त भएकाले शिवको अघिल्लो अक्षर 'शि' र आफ्नो नामको अघिल्लो अक्षर 'जा' जोडेर सिञ्जा नाम रहन गएको इतिहासकारहरूले भन्ने गरेका छन् । यहाँ शिलालेख, ऐतिहासिकस्थल, पाण्डव गुफा, विराटदरबार, कनकासुन्दरी मन्दिरलगायत ढुंगाले कुँदिएका विभिन्न आकृति छन् तर तिनको संरक्षण हुन सकेको छैन । हाल तिनका भग्नावशेषमात्रै भेटिन्छन् । संग्रहालय क्षेत्रमा १२ देखि १५औं शताब्दीको बीचमा निर्माण गरिएका देवल तथा शिलालेख अहिलेसम्म सुरक्षित रहेको सिञ्जा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले जानकारी दिए ।

उनले आगामी वैशाखसम्म बाँकी काम सम्पन्न गरी संग्रहालय सञ्चालनमा ल्याउने योजना रहेको बताए । 'संग्रहालय सञ्चालनमा आएन भनेरै सबैले गुनासो गरिरहेका छन् । वास्तवमै यो यस क्षेत्रको ऐतिहासिक महत्त्वसँग जोडिएको बहुप्रतिक्षित योजना हो । यस विषयमा हामी सबै चिन्तित छौं,' अध्यक्ष धितालले भने, 'यो सञ्चालनमा आएमा सभ्यता संरक्षणमात्रै होइन, आन्तरिक तथा बाहय पर्यटनदेखि खस भाषासम्बन्धी अनुसन्धान र अवलोकन सहज हुने छ ।' संग्रहालय नाग्म-गमगढी सडक खण्डअन्तर्गत सिञ्जा हुँदै मुगु राराताल जाने बाटो नजिककै रहेको छ । यसको निर्माण सम्पन्न भएमा राराताल जानेहरूलाई पनि आकर्षित गरी पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने गाउँपालिका अध्यक्ष धितालको भनाइ छ । *रासस*

# 'बर्थिङ सेन्टर'मा सुत्केरीको बिचल्ली

■ सिंगबहादुर थापा



**बरहथवा (सर्लाही)–** सर्लाहीको हरिपुर्वा नगरपालिका-१, निवासी १८ वर्षकी बबिता पासवानलाई गत कात्तिक ३० साँझ एक्कासि सुत्केरी बेथाले च्याप्यो । उनलाई श्रीमान् अरुण पासवानले हतारहतार गाउँमा रहेको बर्थिङ सेन्टर पुऱ्याए । बबिताको पहिलो बच्चा जन्मँदै थियो । उनले सोही बर्थिङ सेन्टरमा नियमित गर्भ परीक्षणसमेत गराएकी थिइन् ।

स्वास्थ्यकर्मीहरूको नियमित निगरानीमा बच्चा र आमा स्वस्थ रहेकाले बच्चा सामान्य ढंगले जन्मिन्छ भनेपछि बबिताका श्रीमान् अरुण पनि ढुक्क थिए । बबितालाई दुई घण्टामै परिवारले बर्थिङ सेन्टर पुऱ्याएका थिए । बर्थिङ सेन्टर पुगेको १० मिनेटपछि नै उनको बच्चा जन्मियो । सामान्य ढंगले बच्चा जन्मिए पनि बच्चा ठूलो भएकाले योनीमा चोट अर्थात् 'भजाइन् टियरिङ' भयो । त्यसपछि बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्यकर्मी र बिमारीका आफन्तलाई आपत् आइलाग्यो । सुविधासम्पन्न भनेर ल्याएको बर्थिङ सेन्टरमा सामान्य घाउ सिउनका लागि आवश्यक सियो (क्याटगड) समेत थिएन । उपचारमा खटिएकी स्वास्थ्यकर्मीले कतै मेडिकलबाट किनेर तत्काल ल्याउनू भन्दै आवश्यक सामानको सूची बबिताको श्रीमान्को हातमा राखिदिए तर मध्यरातमा कुनै उपाय थिएन ।

यता बबिता रगत बगाउँदै शयचामा छटपटिरहेकी थिइन् । स्वास्थ्यकर्मीले बबितालाई ढाडस दिँदै आफूले सिकेको अनेक उपाय लगाएर रगत रोक्ने प्रयास गरिरहेका थिए । भोलिपल्ट बर्थिङ सेन्टर नजिकैको मेडिकल खुलेपछि औषधि र सामान ल्याएर उपचार गरियो । बबिता जस्तै हरिपूर्वा नगरपालिका-६, निवासी १९ वर्षकी रेजिना कार्कीलाई पनि गत कात्तिक १२ गते सुत्केरी व्यथा लाग्यो । परिवारले तत्काल बर्थिङ सेन्टर पुऱ्याएको केही समयमै सामान्य हिसाबले बच्चा जन्मियो । तर, बच्चा जन्मने क्रममा रेजिनाको पनि भजाइन टेयरिङ भएर रक्तस्राव भयो ।

बर्थिङ सेन्टरमा सामान्य उपचारको सामानसमेत नभएपछि उनको परिवारले पनि हातमा औषधिको सूची लिएर रातभर हारगुहार गर्नुपऱ्यो । तर, कुनै उपाय नलागेपछि बबिताले जस्तै रेजिनाले पनि जोखिमपूर्ण ढंगले भोलिपल्ट बिहान हुने पर्खाइमा पीडा सहेर बस्नुपरेको थियो । सामान्य उपकरण र औषधि नहुँदा बर्थिङ सेन्टर आउने बबिता र रेजिनाजस्ता आमा र नवजात शिशुको ज्यान जोखिममा रहेको छ । सुविधा सम्पन्न भनिएको बर्थिङ सेन्टरमा सुत्केरी गराउन आउने गर्भवतीका आफन्तले आवश्यक पानीदेखि सियो धागो र स्वास्थ्यकर्मीका लागि पञ्जासम्म आफैंले किनेर ल्याउनुपर्ने बाध्यता रहेको रेजिनाका श्रीमान् अवधेशकुमार यादव बताउँछन् ।

सामान्य एउटा कोठालाई बीचमा बारेर दुई कोठा बनाएर बर्थिङ सेन्टर सञ्चालन गरिएको छ । रातको समयमा बिजुली गएको समयमा मोबाइलको बत्ती बालेर सेवा दिनुपर्ने बाध्यता रहेको स्वास्थ्यकर्मीको भनाइ छ । स्वास्थ्य चौकीका प्रमुख उमेशकुमार यादव नगरपालिकाबाट आवश्यक बजेट विनियोजन नहुँदा सेवा प्रवाहमा समस्या रहेको बताउँछन् । स्वास्थ्यचौकीमासमेत सरकारले निर्णय गरेको निःशुल्क वितरण गर्नुपर्ने १०/१५ प्रकारका औषधि सधैं अभाव हुने गरेको उनको भनाइ छ ।

अहिले चिसो समयमा धेरै रुघा, खोकी र ज्वरोका समस्या भएका बिमारी आउने गर्छन् तर आवश्यक औषधि नहुँदा बिमारी यसै फर्केर जाने गरेका छन् । एक गैरसरकारी संस्थाले केही उपकरण उपलब्ध गराएपछि पाँच वर्षअघि सुरु भएको बर्थिङ सेन्टरका अधिकांश उपकरण अहिले काम नलाग्ने भइसकेका छन् । नियमित मर्मत नहुँदा बच्चालाई तातो बनाउने (बेबी वार्मर), पानी तताउने भाँडो काम नलाग्ने भएको छ ।

यता हरिपूर्वा नगरपालिकाका प्रमुख विनोदकुमार साहले सबै नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाइरहेको दाबी गरे । नगरका स्वास्थ्यचौकीहरूमा नियमितरूपमा निःशुल्क औषधि वितरण भइरहेको भन्दै तत्काल थप बुझेर समस्या समाधान गरिने उनले बताए । नगर अस्पताल सञ्चालनको तयारीसमेत गरिएको उनको भनाइ छ । *रासस*

## कुमाख गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## रागेचौर, सल्यान

### नदीजन्य पदार्थ ढुङ्गा, गिठी, बालुवा, आदी उत्खनन् तथा बिक्री सम्बन्धमा बोलपत्रको सुचना

प्रथम पटक प्रकाशित मिति २०८१।०८।०६ गते

अन्तिम दरखास्त मिति २०८१।०९।०८ गते

स्थानीय सरकार संचालनऐन २०७४ को दफा ११ को उपदफा १ को खण्ड घ र यस कुमाख गाउँपालिका गाउँकार्यपालिकाको निर्णय तथा तोकिएकोन्युनतम अंकमा नघट्ने गरी तल उल्लेखित लिखित शर्तहरूको अधिनमा रही अनलाइन www.bolpatra.gov.np माध्यामबाट मात्र बोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

| क्र. स. | बोलपत्र नं. | बोलपत्रको नाम तथा बिवरण | उत्खनन् परिणाम (घ.फि.) | कुल न्यूनतम कबुल अंक रू. (मु.अ. कर तथा अन्य कर बाहेक) | बोलपत्र दस्तुर रू. | धरौटी दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १. | KRM-NCB-Goods-01-2081-82 | मोरामूख घाट, ढाँडेखोला खोलामुख घाट, कइनकाँडा खोला, स्यानिपिप्लि खोला, सेती खोला शान्तिबजार खोला, आदी उत्खन्न तथा बिक्री | ५३१६८२.८ | २६५८४१४ | ३००० | कबोल अंकको ५ प्रतिशत |

प्रमुख प्रशासकीय अधिकृत

## बुद्धशान्ति गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्नेबारे सूचना

सूचना प्रकाशित मिति: २०८१/८/६

यस बुद्धशान्ति गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बुधबारे, झापा द्धारा मिति २०८१/०६/१८ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम e-GP(1S2E) system मार्फत रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ३२ बमोजिमको प्रक्रियाबाट खोलि, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५९, ६०, ६२ र ६३ बमोजिम परिक्षण तथा मूल्यांकन गर्दा सारभूत रूपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव स्वीकृत भइ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ङ को उपनियम (५) बमोजिम तपसिल निर्माण व्यवसायीहरूको आर्थिक प्रस्ताव मिति २०८१/०८/१४ गते दिनको १२:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| S.N | Project Name | Contract ID | Name & Address of Sucessfull Bidders | Remarks |
|---|---|---|---|---|
| 1 | Packaging work of Asphalt concrete road construction at Buddhashanti Rural Municipality ward no 1,2,3 | BRM/NCB/WORKS/081/081-03 | 1. Siddhithumka Nirman Sewa Pvt. Ltd, Suryodaya<br>2. Udeshya Nirman Sewa, Mechinagar Jhapa<br>3. Shree Jay Sambhu -Pragatishil J.V. Buddhashanti<br>4. Ma Pathivara Nirman Sewa, Kankai | |

प्रमुख प्रशासकीय अधिकृत

## Belbari Municipality
## Office Of the Municipal Executive
Belbari, Morang
Koshi Province, Nepal

### Letter of Intent

Publish Date: 2081/08/05

This is an official notice from the Belbari Municipality Office regarding the approval of the submitted bids for various construction projects as published in the National Daily Newspaper on the first announcement. The listed bidders is hereby selected as substantially responsive lowest evaluated bid among the submitted proposals for the respective projects. Approval is granted under Clause 27 (2) & Clause 47 of the Public Procurement Act, 2063. This notification provides a complete list of approved bids.

| SN | IFB No. With Project Name | Bidder Name | Bid Price Without Vat & PS | Remarks |
|---|---|---|---|---|
| 1 | BM/MOR/W/NCB-08-2081/082, Janahit margama simpane tole dekhi mirmire football ground samma edging sahit estarunnat | B.N.C. Construction Pvt.Ltd. PATHARI, MORANG | NRS 38,45,001.25 | |

**Chief Administrative Officer**

## Road Division
**Mahendranagar, Kanchanpur**

### Invitation for Bids

Notice No: 07-RDMNR/081/82
Date of First Publication: 2081/08/06

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division, Mahendranagar, Kanchanpur invites Open Competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S. N. | Contract No. | Name of work | Estimated Amount including VAT and PS | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDMNR/33701169/081/82-35 | Road Improvement Works on Daijee-Lipna-Jogbudha Road, (Bedkot Municipality-01) Kanchanpur. | 12,356,656.24/- | 370,000.00 | 3000/- |
| 2. | RDMNR/337310113/SPL/081/82-36 | Supply of construction material at division yard for recurrent maintenance works. | 2,434,566.78/- | 70,000/- | 3000/- |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Mahendranagar, Kanchanpur or PPMO's website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Division Chief**

प्रभाव दैनिक




## भूपू पाण्डेको 'माया खै...' सार्वजनिक

गायक भूपू पाण्डेको नयाँ गीत सार्वजनिक भएको छ । उनले 'माया खै...' बोलको गीत सार्वजनिक गरेका हुन् । गीतमा शब्द, संगीत तथा स्वर पाण्डेको नै रहेको छ । गीतमा अभिनय पनि पाण्डेको रहेको छ भने उनलाई जुना विश्वकर्माले साथ दिएकी छिन् । गीतको निर्देशन पनि पाण्डेकै रहेको छ । यसअगाडि पाण्डेका 'छोटो छ जिन्दगी', 'पिरैपिरै', 'जाँदा जाँदै बन्दिपुर पुग्यो'लगायतका गीतहरू चर्चित थिए ।



बिहीबार, ०६ मंसिर २०८१ (Thursday, November 21, 2024)

**मिस्टर एण्ड मिस लिटिल कोशी**

# ओसियन र उपासनालाई उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** सातौं संस्करणको 'मिस्टर एण्ड मिस लिटिल कोशी' को उपाधि 'मिस्टर' तर्फ विराटनगरका ओसियन जंग थापा र 'मिस' तर्फ धरानकी उपासना रमदामले जितेका छन् । विराटनगरमा भएको फाइनलमा दुबैले उपाधिसहित जनही ३० हजार रूपैंयाँ र विभिन्न पुरस्कार प्राप्त गरे ।

जय मिडिया म्यानेजमेन्ट प्रालिको आयोजनामा भएको प्रतियोगितामा 'मिस्टर' तर्फ विराटनगरका असिम तिम्सिना 'फस्ट रनर अप', विराटनगरका आरोहण पोखरेल 'सेकेण्ड रनर अप', इटहरीका अर्मान जिमी 'थर्ड रनर अप', धरानका संगीत धमला 'फोर्थ रनर अप', विराटनगरका श्रीयांश थापा 'फिफ्थ रनर अप', विराटनगरका उनय राई 'सिक्स्थ रनर अप' र विराटनगरका आरभ राजवंशी 'अर्गनाइजर्स च्वाईस विनर' भए ।

त्यस्तै 'मिस' तर्फ विराटनगरकी स्मारिका दंगाल 'फस्ट रनर अप', विराटनगरकी रियांशा सापकोटा 'सेकेण्ड रनर अप', विराटनगरकी ग्रेसी कार्की 'थर्ड रनर अप', विराटनगरकी इशानी ढकाल 'फोर्थ रनर अप', विराटनगरकी जिज्ञासा निरौला 'फिफ्थ रनर अप', इटहरीकी निश्चिता लुंगेली 'सिक्स्थ रनर अप' र विराटनगरकी इशानी ढकाल 'अर्गनाइजर्स च्वाई विनर' घोषित भए ।

विजेता तथा उपविजेतालाई कोशी प्रदेशकी राज्यमन्त्री सिर्जना राई, नेपाली काँग्रेस कोशी प्रदेशका कोषाध्यक्ष राजेश गुप्ता, कोशी प्रदेशको खेलकुद मन्त्रालयका सदस्य सचिव कृष्ण बस्नेत(पर्शुराम बस्नेत), नेकपा एमाले विराटनगर महानगर कमिटिका अध्यक्ष रोहित कोइरालाले पुरस्कार प्रदान गरेका थिए ।

प्रतियोगिताको निर्णायकमा मेन हण्ट इन्टरनेसनलका संस्थापक अनुप सक्सेना, हाउस अफ फेसनका संस्थापक, मोडल तथा प्रशिक्षक ओसिमा बनु, कोशी प्रदेशका पूर्व महान्यायधिवक्ता रूपेश कोइराला र हिसानका राष्ट्रिय उपाध्यक्ष भेषराज पोखरेल रहेका थिए ।

आयोजक जय मिडिया म्यानेजमेन्ट प्रालिका अध्यक्ष जय राज रायले बालवालिकाहरूमा भएको प्रतिभा उजागर गर्ने उद्देश्यले यो प्रतियोगिता प्रत्येक वर्ष हुँदै आएको बताए । उनले जय मिडिया मेनेजमेन्टले निकट भविष्यमा गर्न लागेको विभिन्न प्रोजेक्टहरूमा विजेता तथा उपविजेतालाई सहभागी गराउने जानकारी दिए ।

# नेपालले जित्यो मिसेस् हेरिटेजको शीर्ष ताज

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तराष्ट्रिय सौन्दर्य प्रतियोगीता 'मिसेस हेरिटेज इन्टरेनसनल'को शिर्ष उपाधि नेपालले जितेको छ । थाईल्याण्डको राजधानी बैंककमा आयोजित 'हेरिटेज प्याजेन्ट'मा नेपालकी विभा बस्नेतले 'मिसेस् हेरिटेज इन्टरेनसनल'को ताज पहिरन सफल भएकी हुन् । मिस तर्फको शिर्ष उपाधि भने पेरुकी फेयरस ओर रुम्बो एलले हात पारिन् । दुवै शिर्ष विजेताले पर्सनालिटी बिधाको अवार्ड समेत हात पार्न सफल रहे ।

सौन्दर्य प्रतियोगिता मार्फत मौलिक कलासंस्कृति, जातियता, आफ्नोपनको संरक्षण, प्रवर्द्धन गर्ने हेतुले आयोजना हुँदै आएको प्रतियोगीताको सातौं संस्करण हो । प्रतियोगीतामा 'मिसेस हेरिटेज इन्टरेनसनल'तर्फ फिलिपिन्स फस्ट रनरअप, भारत सेकेन्ड रनर अप, लाट्भिया थर्ड रनर अप र सर्विया फोर्थ रनर अप बन्दा मिसेस् तर्फ म्यानमार फस्ट रनर अप, युके सेकेन्ड रनर अप, जापान थर्ड रनर अप र पेरु फोर्थ रनर भयो । ईप्लानेट पिटिई लिमिटेड सिंगापुरको आयोजना रहेको प्रतियोगीताको संयोजन र व्यवस्थापन सिंगापुरका सुसन कोहले सह-समन्वय दुर्गा बिशुरालद्वारा गरिएको थियो । स्टेज प्रस्तुतिकरण र कोरियोग्राफी नेपाल फेसन कोरियोग्राफर रोजिन शाक्य र मलेशियाका स्टेज एवं डान्स कोरियोग्राफर वेस्ली शले संयुक्त रूपमा सम्लाहेको आयोजक संस्थाका अध्यक्ष सन्तोष सापकोटाले जानकारी दिए ।

प्रतियोगितामा नेपालकी एलिशा लोलाई टुरिजम एम्बेसडर तथा मिसेस् तर्फकी नेपालकी विभा बस्नेतलाई हेरिटेज एम्बेसडरका रूपमा छनौट गरिएको छ ।




इभेन्ट एम्बेसडरका रूपमा थाईल्याण्ड र भियतनामकी सुन्दरीहरू चयन भएका थिए ।

प्रतियोगितामा नेपालका तर्फबाट हेरिटेज जेम्स विधामा सहभागी बालबालिकाले पनि सफलता हात पारे । प्रतियोगितामा प्रणय मानन्धरले 'हेरिटेज जेम्स इन्टरनेसनल २०२४'को शीर्ष उपाधि जिते भने क्यारिन दोङले 'हेरिटेज जेम्स वर्ल्ड'को ताज हात पारिन् । त्यस्तै निशान उलक 'हेरिटेज जेम्स अर्थ' फस्ट रनर अप र नभ्नी उलक 'हेरिटेज जेम्स एशिया २०२४'मा फस्ट रनर अप' चयन भए ।

प्रतियोगितामा प्रशंसा बुढाथोकीले हेरिटेज 'जेम्स युनिभर्स २०२४'को ताज पहिरिन सफल भएकी छिन् । वसन्त लामिछानेले 'मिष्टर हेरिटेज युनिभर्स २०२४'को उपाधि उचालेका छन् । 'मनिशा राजवंशीले 'हेरिटेज पेटाइट युनिभर्स २०२४'को ताज हाट पारेकी छन् । सुश्मिता श्रेष्ठले 'एमएस हेरिटेज इन्टर नेसनल २०२४'को ताज  मिस तर्फ सहभागी एलिसा टुरिजम एम्बेसडरका रूपमा उनले 'वेष्ट स्माइल' र 'फोटो जेनिक' अवार्ड समेत प्राप्त गरिन् । कार्यक्रममा नेपालकै शिशिर लामिछाने ग्राण्ड हेरिटेज रनवेका लागि एम्बेसडर घोषणा गरिएको थियो ।

'हेरिटेज प्याजेन्टस् २०२४'मा यो पटक नेपाल, भारत, थाईल्याण्ड, बेलायत, नाइजेरिया, भियतनाम, फिलिपिन्स, पेरु, सिंगापुर, म्यानमार, न्युजिल्याण्ड, मेक्सिको, इन्डोनेसिया, लाट्भिया, सर्विया, केन्या तथा मलेशियाका प्रतिनिधिहरूको सहभागीता रहेको थियो ।

## रंगशाला

# अल नेपाल अन्तरवडा टेबलटेनिस हुँदै




■ प्रभाव संवाददाता

**काठमाडौं–** स्पिन इभेन्ट्सको आयोजनामा चौथो अल नेपाल अन्तर वडा टेबलटेनिस प्रतियोगिता हुने भएको छ । अखिल नेपाल टेबल टेनिस संघको तत्वावधानमा आगामी मंसिर ११ देखि १५ गतेसम्म उक्त प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगिताका खेलहरू लैनचौर टेबल टेनिस हलमा हुनेछन् । आयोजकले बुधवार पत्रकार सम्मेलन गर्दै प्रतियोगिताबारे जानकारी दिएको हो ।

प्रतियोगितामा मेन्स सिंगल्स, वुमेन्स सिंगल्स ब्वाइज सिंगल्स यू-१६, गर्ल्स सिंगल्स यू-१६, मेन्स टिम, वुमेन्स टिम, भेट्रान टिम (४० वर्षमाथि), मेन्स भेट्रान सिंगल्स (४० वर्षमाथि), वुमेन्स भेट्रान सिंगल्स (४० वर्षमाथि) मेन्स भेट्रान सिंगल्स (५० वर्षमाथि) र मेन्स भेट्रान सिंगल्स (६० वर्षमाथि) गरी कुल ११ स्पर्धा प्रतिष्पर्धा हुनेछ ।

प्रतियोगिताको मुख्य प्रायोजकमा खेलकुदप्रेमी सुमन खड्गी छन् । सहप्रायोजकमा दि हाण्डीक्राफ्ट तथा खेलकुदप्रेमी रवि धाख्वा छन् ।

प्रतियोगिताको आधिकारिक बल पार्टनरमा दि एच एस र क्लोडिंग पार्टनरमा गोर्खा एथलेटिक्स रहेका छन् । पत्रकार सम्मेलनमा आयोजक र सहप्रायोजकबीच सम्झौतापत्रमा हस्ताक्षर भयो । प्रतियोगितामा ४५० जना खेलाडीले चुनौती दिनेछन् ।

प्रतियोगिताको मेन्स/वुमेन्स टिम इभेन्ट्स, भेट्रान टिम (४० वर्षमाथि) का शीर्ष ३ खेलाडी (तेस्रो हुने दुई) लाई शिल्ड प्रदान गरिनेछ ।

मेन्स/वुमेन्स सिंगल्स इभेन्ट्सका शीर्ष ३ (सेमिफाइनलिष्ट) खेलाडीले क्रमशः ३० हजार, १५ हजार र ७ हजार ६ सय नगद पुरस्कार, मेडल तथा प्रथम हुनेले ट्रफी पाउनेछन् ।

१६ वर्ष मुनिका ब्वाइज सिंगल्स र गर्ल्स सिंगल्स र भेट्रान्स सिंगल्समा पहिलो, दोस्रो र तेस्रो (सेमीफाइनलिस्ट) हुने खेलाडीले क्रमशः १० हजार, ५ हजार र २ हजार ५ सय नगद पुरस्कारका साथै मेडल, च्याम्पियनले ट्रफी पनि पाउनेछ ।

साथै स्वर्ण, रजत र कांस्यपदकको आधारमा सर्वोत्कृष्ट वडालाई रनिङ शिल्ड प्रदान गरिने आयोजकको भनाइ छ ।

मेन्स/वुमेन्स सिंगल्स तथा १६ वर्षमुनि ब्वाइज सिंगल्स गर्ल्स सिंगल्समा च्याम्पियन खेलाडीले अनर कम्पनीको एक्स सेभेन सी मोडलको मोबाइल फोन प्राप्त गर्नेछन् ।

# टी-२० अलराउन्डरतर्फ दीपेन्द्रको वरीयता यथावत्

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउण्डर दीपेन्द्रसिंह ऐरी टी-२० अलराउन्डरतर्फको वरीयतामा यथावत् रहेका छन् । अन्तरराष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)ले आज सार्वजनिक गरेको नयाँ वरीयतामा ऐरी दोस्रो स्थानमा यथावतै रहेका हुन् ।

लराउन्डरतर्फ वरीयताको शीर्ष स्थानमा भने भारतका हार्दिक पाण्ड्या छन् । उनले २ स्थान सुधार गर्दै अलराउन्डरतर्फको वरीयताको शीर्ष स्थान कब्जा गरेका हुन् ।

वरीयताको तेस्रो स्थानमा इङ्ल्यान्डका लियाम लिभिङस्टोन रहेका छन् । यसअघि उनी शीर्षमा रहेका थिए । उनको वरीयता २ स्थान तल खस्किएको छ । अस्ट्रेलियाका मार्कस स्टोइनिस चौथो स्थानमा यथावतै रहँदा श्रीलंकाका वानिन्दु हसरंगाले एक




स्थान सुधार गर्दै शीर्ष पाँचमा उक्लिएका छन् । टी-२० ब्याटिङ वरीयतामा भने भारतका तिलक वर्माले ठूलो फड्को मारेका छन् । यसअघि ७२औँ स्थानमा रहेका उनले ६९ स्थान सुधार गर्दै वरीयताको तेस्रो स्थानमा उक्लिएका छन् ।

अस्ट्रेलियाका ट्राभिस हेड ब्याटिङतर्फ वरीयताको शीर्ष स्थानमा रहँदा इङ्ल्यान्डका पिल साल्ट दोस्रो स्थानमा यथावत् छन् ।

भारतका सूर्यकुमार यादवको वरीयता एक स्थान तल खस्किँदै चौथो स्थानमा झर्दा पाकिस्तानका बाबर आजमको वरीयता पनि एक स्थान तल खस्किँदै पाँचौं स्थानमा झरेका छन् । ब्याटिङतर्फ नेपालका दीपेन्द्रसिंह ऐरीको पनि वरीयता खस्किएको छ । यसअघि ४७औं स्थानमा रहेका उनको वरीयता एक स्थान तल खस्किएर ४८औं स्थानमा झरेका छन् ।

नेपालका कप्तान रोहित पौडेलले भने वरीयतामा एक स्थान सुधार गरेका छन् । यसअघि ६१औं स्थानमा रहेका उनी नयाँ वरीयतामा ६०औं स्थानमा छन् । आसिफ शेखको पनि वरीयता दुई स्थान तल खस्किएर ७०औं स्थानमा आइपुगेका छन् ।

# शिभाली र स्वराह सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालकी शिभाली गुरुङ र माल्दिभ्सकी आइसथ करिन सइजनको जोडी इमर्जिङ एथलिट्स जुनियर यु-१४ एसियाली टेनिस प्रतियोगिताको गर्ल्स डबल्समा बुधबार पहिलो भएका छन् ।

उक्त जोडीले फाइनलमा बंगलादेशका हुमीराह हैदर र बंगलादेशकी नयिम हुसेनको जोडीबाट वाक ओभर पाए । हुमीराहकी पार्टनर नयिम घाइते भएकाले उक्त जोडीले फाइनल त्यागेका थिए ।

नेपाल टेनिस संघ र एथलिट्स इमर्जिङद्वारा संयुक्त आयोजित प्रतियोगिताको ब्वाइज डबल्समा भारतका अभी अग्रवाल र तनिश नन्दाको जोडीले नेपालका अर्यासराज पौडेल र स्पन्दन उदासको जोडीलाई ६-१ र ६-० तथा भारतकका हर्ष मर्वाहा र बंगलादेशका मोहम्मद रकिन रहमानको जोडीले



नेपालका वृजेश अर्याल र विश्वविषेश डल्लाकोटीको जोडीलाई ६-४ र ६-४ को सोझो सेटमा हराउदै फाइनलमा स्थान सुरक्षित गरे ।

गर्ल्स सिंगल्समा नेपालकी शिभाली गुरुङले आफ्नै डबल्स पार्टनर माल्दिभ्सकी सइजनलाई ६-१ र ६-२ तथा बंगलादेशकी हुमाराहले नेपालकी स्वराह थापालाई ६-० र ६-० को सोझो सेटमा पाखा लगाउदै फाइनलमा स्थान बनाए ।

ब्वाइज सिंगल्समा भारतका तनिसले हङकङका लाप यिन ललाई ६-० र ६-१, नेपालका वृजेश अर्यालले नेपालकै असभसम्राट हाडालाई ६-१ र ६-०, भारतका अभी अग्रवालले नेपालका विश्वविषेश डल्लाकोटीलाई ६-० र ६-१ तथा न्युजिल्यान्डका ज्याक्स रूपले भारतका हर्ष मर्वाहालाई ६-४, ४-६ र ७-५ ले पन्छ्याउदै सेमिफाइनल यात्रा तय गरे ।

# कोप-२९ : 'नयाँ कोइला नबनाउने' धनी राष्ट्रहरूको प्रतिज्ञा

**बाकु-** कोप-२९ जलवायु शिखर सम्मेलनमा बुधबार २५ देशले अत्यधिक प्रदूषणकारी जीवाश्म इन्धनको प्रयोग चरणबद्ध रूपमा हटाउने प्रक्रियालाई तीव्र पार्न कुनै पनि नयाँ नियन्त्रण नगरिएको कोइला-विद्युत् संयन्त्र नबनाउने प्रतिज्ञा गरेका छन् ।

बेलायत, क्यानाडा, फ्रान्स, जर्मनी र प्रमुख कोइला उत्पादक अस्ट्रेलियासहित मुख्यतया धनी विकसित अर्थतन्त्रहरूले अजरबैजानमा स्वेच्छिक प्रतिज्ञामा हस्ताक्षर गरे । यसले राष्ट्रहरूलाई आगामी वर्षको सुरुमा राष्ट्रिय जलवायु योजनाहरू पेस गर्न प्रतिबद्ध गराउँछ र उनीहरूको ऊर्जा प्रणालीमा कुनै नयाँ नियन्त्रण नगरिएको कोइला नहुने कुरालाई प्रतिबिम्बित गर्छ । नियन्त्रण नगरिएको भन्नाले कार्बन क्याप्चर र भण्डारणजस्ता उत्सर्जन कम गर्ने उपायहरूविना जलाइएको कोइला भन्ने बुझिन्छ । यो कोइला प्रविधिहरूलाई ठूलो स्तरमा अप्रमाणित भनी आलोचना गरिएको छ ।

यो प्रतिज्ञाले राष्ट्रहरूलाई तेल र ग्यासभन्दा बढी ग्रह-तापन कार्बन उत्सर्जन गर्ने र जलवायु परिवर्तनको प्रमुख कारक रहेको कोइलाको खनन वा निर्यात रोक्न बाध्य गर्दैन । चीन, भारत र संयुक्त राज्य अमेरिकासहित विश्वका धेरै ठूला कोइला-ऊर्जा उत्पादकहरूले बाकुमा सुरु गरिएको 'कल टु एक्सन' मा हस्ताक्षर गरेनन् ।

पहलमा हस्ताक्षर गर्ने युरोपेली संघ (इयू) का जलवायु दूत वोप्के होएक्स्ट्राले गत वर्षको कोपमा ऊर्जाका लागि कम जीवाश्म इन्धन प्रयोग गर्ने ऐतिहासिक प्रतिबद्धता गरिए पनि कोइला विद्युत् अझै बढिरहेको बताए । 'जीवाश्म इन्धनबाट टाढा जाने प्रतिबद्धतालाई जमीनमा वास्तविक कदममा परिणत गर्न आवश्यक छ,' उनले भने ।

बेलायत हालै आफ्नो विद्युत् उत्पादनमा कोइलामा सबै निर्भरता अन्त्य गर्ने सात औद्योगिक राष्ट्रको समूहमध्ये पहिलो बनेको छ । बेलायतका ऊर्जामन्त्री एड मिलिब्यान्डले वैज्ञानिकहरूले जलवायु परिवर्तनको सबैभन्दा खराब परिणामलाई रोक्ने स्तरहरूमा विश्वव्यापी तापक्रमको वृद्धि सीमित गर्न कोइलाले 'सबैभन्दा ठूलो खतराहरूमध्ये एक' खडा गरेको बताए ।

यो प्रतिज्ञाले ब्राजिलमा हुने अर्को कोप शिखर सम्मेलनसम्म नयाँ कोइला अन्त्य गर्न आवश्यक छ भनेर विश्वभरिका देशहरूबाट स्पष्ट सन्देश पठाउने उनले बताए । गरिब देशहरूका लागि पैसा जुटाउने कुरालाई




ताप-ट्र्यापिङ उत्सर्जन कटौती गर्ने प्रयासहरू भन्दा ठूलो प्राथमिकता दिइएको कोप-२९ मा प्रमुख कोइला प्रयोगकर्ता र निर्यातकर्ता अस्ट्रेलियाको समावेशलाई कार्यकर्ताहरूले स्वागत गरेका छन् ।

'यसले कोइलाको ढोका बन्द गरेको छ । अब हामीले यसलाई बन्द गर्न आवश्यक छ,' क्लाइमेट एक्सन नेटवर्क अस्ट्रेलियाका एरिन रायनले बाकुमा भने, 'यसलाई हाम्रो ऊर्जा प्रणाली र हाम्रा निर्यात बजारहरू दुवैमा विगतमा छोड्ने समय बितिसकेको छ ।' अंगोला, युगान्डा र इथियोपियासहितका विकासोन्मुख देशहरू पनि पावरिङ पास्ट कोल एलायन्सको सहकार्यमा विकास गरिएको प्रतिज्ञामा हस्ताक्षर गर्ने देशहरू मध्ये थिए । *रासस/एएफपी*

## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङजा
गण्डकी प्रदेश, नेपाल

### योजना कार्यान्वयनको लागि बोलपत्र आव्हानको सूचना

**(सूचना प्रकाशित मिति २०८१/०८/०६ गते)**

नगर कार्यपालिकाको कार्यालयको चालु आर्थिक वर्ष २०८१/२०८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित योजना कार्यान्वयनको लागि पूर्वाधार निर्माण गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरु वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वक बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म/ कम्पनी/निर्माण व्यवसायीले अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको चालु आ.व. २०८१/२०८२ को लागि नवीकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थानीय लेखा दर्ता न. एवं आयकर तथा मु.अ.कर दर्ता प्रमाण पत्र भ्याट, साथै आ.व. २०८०/२०८१ को कर चुक्ता वा म्याद थप अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपिको साथ तल उल्लेखित रकम (पछि फिर्ता नहुने) नेपाल बैंक लिमिटेड शाखा वालिङमा रहेको Office Account No. sutrarevenue. fcgo.gov.np मा जम्मा गरेको बैंक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विधुतीय माध्यम) द्वारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।
२. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण पत्र बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
३. बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्याङ्कनका आधारहरु पूरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत गरिने छैन् ।
४. बोलपत्र फाराम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेखु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । साथै केरमेट भएको ठाउमा सही छाप हुनु पर्नेछ ।
५. बोलपत्र जमानत रकम नेपाल बैंक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता न. ०८३०३०००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिनसम्म म्याद भएको जमानत (Bid Security) समावेश भएको हुनु पर्नेछ ।अन्यथा बोलपत्र अयोग्य मानिने छ ।
६. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा गरिएको स्पेशिफिकेशन तथा अन्य व्यहोरा प्रस्ट रुपमा पढि सहि छाप गरि पेश गर्नु पर्नेछ ।बोलपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनु पर्ने र बोलपत्रदाताको ग्राहयता (Eligibility) **प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ संलग्न हुनु पर्नेछ ।**
७. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
८. बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्योहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४, (संशोधित) अनुसार हुनेछ ।
९. **बोलपत्र फाराम खरिद/ दर्ता गर्ने समय-**

| बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति २०८१/८/७ |
|---|---|---|
| २०८१/८/७ गते समय १२:०० बजे | २०८१/८/७ गते, समय १२:०० बजे | गते समय २:०० बजे |

१०. **निर्माण कार्यको विवरण-**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | लागत अनुमान (भ्याट समेत) रु. | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ४/२०८१/२०८२ | भौभका देखि कहेरामुनी हुदै गढी भञ्याङसम्म सडक स्तरोउन्ती वालिङ ११ | ५६५०५४७.०० | १५५३९०.०० | ३०००.०० |

## Jaljala Rural Municipality
## Office of the Rural municipal Executive
Lamakhet, Parbat
Gandaki, Province

### Financial Bid Opening Notice

**First Publication Date: 2081/08/06 (Nov -21, 2024)**

Pursuant to Rule no-(31 E) sub rule (5) of public procurement regulation 2064 (including adendment) this is notified to all concerned that, financial bids of the works mentioned below will be opened publically in presence of bidder's representative who choose to attend. Bidder's presence in opening process will be appreciated.

DETAILS OF FINANCIAL BID OPENING

| S.N. | Description of Work and IFB No. | Substantially Responsive Bidder in Technical Evaluation |
|---|---|---|
| 1. | **Gandaki Gopal Gaushala Purbadhar Nirman (IFB No:- JRM/NCB/W/04/2081-82)** Issued on: 25 September 2024. | 1) M/s Sunami/S and S JV Bidhur-05, Nuwakot.<br>2) M/s KTM/Jayalaxmi JV Madhyapur Thimi Bhaktapur.<br>3) M/s Machhapuchhere/Sahana JV Jaljala-07 Parbat. |

**Financial Bid Opening Schedule**

Venue:- Jaljala Rural Municipality Office , Lamakhet Parbat
Date:- 2081/08/13 ( Nov-28,2024)
Time:- 13:00PM

**Chief administrative officer**
**Jaljala Rural Municipality**

## श्री पञ्चमहालक्ष्मी महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
**महालक्ष्मी न.पा. वडा नं. २, ईमाडोल, ललितपुर**
**फोन नं.: ९८५१३६४२५०, ९८४१३४७१३८**

### धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८१/०८/०६ (प्रभाव राष्ट्रिय दैनिक)**

यस संस्थाबाट तपसिल बमोजिमको शिर्षक अन्तर्गत कर्जा लिनुभएका तपसिलका ऋणी सदस्यले संस्थासँग भएको सम्झौता तथा कर्जा भुक्तानी तालिका बमोजिम कर्जाको सावाँ, ब्याज र अन्य दस्तुर नतिरि नबुझाई बाँकी राख्नुभएको तथा निजलाई संस्थाको तर्फबाट पटक पटक मौखिक, लिखित तथा एस. एम. एस. मार्फत तारताकेता गर्दा र कर्जा बुझाउँने बारे प्रभाव राष्ट्रिय दैनिकमा मिति २०८१/०४/३२ गते शुक्रबार ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा पनि तपाई ऋणीले यस संस्थालाई तिर्नु पर्ने ऋण चुक्ता नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा लेखिएको अचल सम्पत्ति, घर, जग्गा तथा अन्य निर्माणकार्यहरू लगायतका सम्पूर्ण लिगलगापातहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्न सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम १(ख) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस सूचनामा उल्लेखित म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सूरक्षणार्थ यस संस्थामा धितो सुरक्षणवापत रहेको अचल सम्पत्ति सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० तथा अन्य प्रचलित नियम बमोजिम लिलाम बिक्री गरिने भएकोले निम्नानुसारको सावाँ, ब्याज र हर्जनाको रकम र लिलाम हुने दिनसम्मको ब्याज तथा हर्जना र धितो लिलाम प्रक्रियामा लाग्ने सम्पूर्ण खर्च समेत असूलउपर गर्नको निमित्त यस संस्थालाई सुरक्षणवापत लेखिदिएको तपसिलमा उल्लेख भएको घरजग्गा/जग्गा, यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा र उक्त दिनमा बिदा परेमा सो को भोलिपल्ट यस संस्थाको कार्यालय महालक्ष्मी न.पा. २ ईमाडोल ललितपुरमा दिनको १२ बजेदेखि ३ बजेसम्म लिलामी गरिने भएकोले तपसिल बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत यथास्थितिमा लिलाम बढाबढ सकार गर्न आउनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । लिलाम प्रक्रिया सम्बन्धमा अन्य कुराको जानकारी चाहिएमा यस संस्थामा आई बुझ्न सकिनेछ । सम्बन्धित ऋणीका प्रतिनिधीहरूलाई समेत इच्छा भएमा लिलाम हुने मिति, स्थान र समयमा उपस्थित हुन समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**लिलाम हुने मिति: २०८१/०९/११ गते विहीबार**
**समय : बिहान १२ बजेदेखि अपरान्ह ३ बजेसम्म**

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| **कर्जा शिर्षक** : उच्च शिक्षा कर्जा (सदस्यता नं. : (१३४)<br>**ऋणीको विवरण** :<br>**नाम** : बिमला नगरकोटी (श्रेष्ठ)<br>**बाबु** : कृष्ण बहादुर श्रेष्ठ<br>**बाजे!ससुरा** : सेते नगरकोटी<br>**ना.प्र.प.नं.** : ३९१ भक्तपुर<br>**ठेगाना** : भक्तपुर जिल्ला साबिक नगरकोट गा.बि.स. वडा नं. ७ (परिवर्तित नगरकोट न.पा. वडा नं. ०७) स्थायी घर भई हाल महालक्ष्मी न.पा. वडा नं. ३, ललितपुर बस्ने । | भक्तपुर जिल्ला साबिक नगरकोट गा.बि.स., वडा नं. ७ (परिवर्तित भक्तपुर नगरपालिका, वडा नं. ०७) स्थायी घर भई हाल महालक्ष्मी न.पा. वडा नं. ३ ललितपुर बस्ने बिमला नगरकोटी (श्रेष्ठ) को नाममा मालपोत कार्यालय लगनखेल ललितपुरमा दर्ता स्रेस्ता कायम रहेको ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ३, को सिट नं. १०२-१२२७-१७, कित्ता नं. ८७, क्षेत्रफल ०-३-२-२ (१२१ ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धन जमानी विवरण**

| | | | |
|---|---|---|---|
| **नाम** : मिन बहादुर (कान्छा) नगरकोटी<br>**बाबु** : सेते नगरकोटी<br>**बाजे** : मान बहादुर नगरकोटी<br>**ना.प्र.प.नं.**: २७५<br>**ठेगाना** : भक्तपुर जिल्ला साबिक नगरकोट गा.बि.स. वडा नं. ७ (परिवर्तित नगरकोट न.पा. वडा नं. ०७) स्थायी घर भई हाल महालक्ष्मी न.पा. वडा नं. ३, ललितपुर बस्ने । | **नाम** : अमृत नगरकोटी<br>**बाबु** : मिन बहादुर (कान्छा) नगरकोटी<br>**बाजे** : सेते नगरकोटी<br>**ना.प्र.प.नं.**: १६४००<br>**ठेगाना** : भक्तपुर जिल्ला साबिक नगरकोट गा.बि.स. वडा नं. ७ (परिवर्तित नगरकोट न.पा. वडा नं. ०७) स्थायी घर भई हाल महालक्ष्मी न.पा. वडा नं. ३, ललितपुर बस्ने । | **नाम** : अमिर नगरकोटी<br>**बाबु** : मिन बहादुर (कान्छा) नगरकोटी<br>**बाजे** : सेते नगरकोटी<br>**ना.प्र.प.नं.** : २६०००<br>**ठेगाना** : भक्तपुर जिल्ला साबिक नगरकोट गा.बि.स. वडा नं. ७ (परिवर्तित नगरकोट न.पा. वडा नं. ०७) स्थायी घर भई हाल महालक्ष्मी न.पा. वडा नं. ३, ललितपुर बस्ने । | **नाम** : नविन नगरकोटी<br>**बाबु** : मिन बहादुर (कान्छा) नगरकोटी<br>**बाजे** : सेते नगरकोटी<br>**ना.प्र.प.नं.**:२९३००७-४८<br>**ठेगाना** : भक्तपुर जिल्ला साबिक नगरकोट गा.बि.स. वडा नं. ७ (परिवर्तित नगरकोट न.पा. वडा नं. ०७) स्थायी घर भई हाल महालक्ष्मी न.पा. वडा नं. ३, ललितपुर बस्ने । |

**पुनश्च**: उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै यस लिलामी सूचनाको म्याद भित्र शिघ्र कर्जा चुक्ता गरि आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरू बमोजिम लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयं उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्ति को मूल्य घटि वा बढी हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमापछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा बिक्री भएको वा संस्था आफैले सकार गरि लियो भनि कहिँ कतै उजुर, बाजुर दावी विरोध गर्न पाउनुहुनेछैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुन मूल्यांकन गरि वा नगरि संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असूलउपर नभई बाँकी रहेमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको अन्य श्रीसम्पत्ति बाट असूलउपर गरिने व्यहोरा समेत यसै सूचनाद्धारा थप जानकारी गराईएको छ ।

**लिलाम सम्बन्धि शर्तहरू**

१. यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा, सो दिन विदा परेमा त्यसको भोलिपल्ट संस्थाको कार्यालय, महालक्ष्मी न.पा.२ ईमाडोल, ललितपुर मा दिउँसो १२:०० देखि ३:०० बजे डाक बढाबढ मार्फत धितो लिलाम गरिनेछ ।
२. धितोमा रहेको जग्गाको पञ्चकृते मूल्य कायम गरी सो मूल्यबाट डाक बढाबढ शुरु हुनेछ । जसले बढी डाक बोल्छ, त्यसको नाममा लिलाम स्वीकृत गरिनेछ ।
३. कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने वा नेगोसिएसन गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
४. लिलाम हुने धितोको कागजात, पञ्चकृते मूल्य तथा अन्य आवश्यक कुराहरू बुझ्न चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थामा आई बुझ्न सकिनेछ ।
५. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा प्रचलित कानुन अनुसार कसैले पनि लिलाम नसकारेमा वा बोल कबोल गरेको रकम संस्थालाई चित्त नबुझेमा सहकारी नियमावली २०७५ को नियम ३५ वमोजिम संस्थाले आफै धितो सकार गरी स्वामित्व आफूमा लिन सक्नेछ ।
६. लिलाम विक्रीको कार्य सकिनसाथ लिलाम सकार गर्ने व्यक्तिबाट निजले सकार गरेको जम्मा मूल्यको १० प्रतिशत उसै बखत धरौटीको रूपमा बुझाउनु पर्नेछ । बाँकी ९० प्रतिशत लिलाम सकार गरेको मितिले ७ दिन भित्र बुझाई सक्नु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुनेछ ।
७. लिलाम सकार गरेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने सरकारी दस्तुर, राजश्व तथा अन्य लिलाम सकार गर्ने व्यक्ति आफैले व्यहोर्नु पर्नेछ ।
८. धितो लिलामका बारेमा अन्य आवश्यक कुराहरू बुझ्नु परेमा संस्थामा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**MAURITIUS मा रोजगार** — कम्पनी : London Mon Choisy Supermarket Ltd
पूर्व स्वीकृति मिति : २०८१/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०५ | LT. No. 304755 | चलानी नं. ६०२१९२२९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Operator | 3 | 0 | 16500 | ४७,९७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Packing Machine Operators | 15 | 0 | 16500 | ४७,९७५ | | | | | | | |
| 3 | Pastry Maker | 3 | 0 | 16500 | ४७,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

**साउदीमा रोजगार** — कम्पनी : Ora Arabia Company for Maintenance and Cleaning
पूर्व स्वीकृति मिति : २०८१/०८/०५ | LT. No. 313973 | चलानी नं. ६०२२८३२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour For Hotel Housekeeping | 25 | 0 | 1000 | ३५,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Alfarooque Overseas Pvt .Ltd.
Basundhara, (Infront of police station), Kathamandu, Nepal, Contact: 01- 4961373, 9843653970, 9851279430, E-mail.: Farukkhan650@gmail.com, www.alfarooqueoverseas.com
श्रम ईजाजत नं: १२६०/०७४/७५

**साउदीमा रोजगार** — कम्पनी : Faisal and Badr Ahmed Mohammed Hadi Al-Mohammadi Company Gulf Projects Company
पूर्व स्वीकृति मिति : २०८१/०८/०३ | LT. No. 313859 | चलानी नं. ६०२२८२९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gurung Management Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4386936, 4388012, 4388013, 4380659
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np
Govt. License 404/060/061

**साइप्रसमा रोजगार** — कम्पनी : DANA & THOMAS (CYPRUS) SERVICES LTD.
पूर्व स्वीकृति मिति : २०८०/०१/०४ | पून: विज्ञापन स्वीकृति मिति : २०८१/०८/०५ | LT. No. 284806 | चलानी न ६०२००१८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer (Worker) | 0 | 2 | 450 | ६४,२२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता स्थान : संस्थाको कार्यालयमा काठमाडौंमा मिति : २०८१ मंसिर १३ गते (28th Nov. 2024)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैं | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ५५,०००/- सामाजिक सुरक्षाकोष : कामदार आफैंले व्यहोर्ने

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kathmandu International Incorporate Pvt. Ltd.
श्रम ईजाजत नं. ४४१/०६०/६१
Tokha Municipality-10,Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265, 4960635 Mobile No. : 9816501787 Email : kiimanpowernepal@gmail.com

**साइप्रसमा रोजगार** — कम्पनी : D.I. Main-line Job Agency
पूर्व स्वीकृति मिति : २०८१/०३/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०४ | LT. No. 307197 | चलानी नं. ६०२१४००९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 14 | 5 | 1000 | १४२,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ८०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 307197 मिति: २०८१/०८/०५ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5903079, 9849442132, 9818497796
Email: info.langtangoverseas@gmail.com, Web: www.langtangoverseas.com
Govt. License 1643/080/081

**कतारमा रोजगार** — कम्पनी : DOMINANT TRADING AND CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/०८/०४ | LT. No. 313917 | चलानी नं. ६०२२८२८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASON | 1 | 0 | 1200 | ४४,६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६३००० | प्रति तोला - ० | प्रति तोला - १९५० |



**सौराहामा पर्यटक** | चितवनमा बुधबार जंगल सफारीपछि सौराहास्थित राप्ती नदीमा डुंगा शयर गर्दै पर्यटक ।

*तस्बिरः हीरालाल गुरुङ/रासस*

# २४ घण्टाभित्र हवाई भाडादर बुझाउन निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्री पाण्डेले अन्तराष्ट्रिय उडान भर्ने हवाइ कम्पनीहरूलाई २४ घण्टाभित्र हवाइ भाडादर उपलब्ध गराउन निर्देशन दिएका छन् ।

हवाई भाडावृद्धि नियन्त्रणबारे मन्त्रालयमा बोलाएको सरोकारवाला वायु सेवा कम्पनीहरूलाई उच्चतमूल्यको भाडा लिएको भन्दै त्यसबारे पूर्नविचार गर्न निर्देशन दिएका हुन् । 'हामीले नागरिकहरूकै सेवा भनेर हवाइ कम्पनीहरूलाई सहुलियत दिएका थियौं । तर त्यसको उपहास भएको छ, राज्य र नागरिकप्रतिको दायित्वलाई बेवास्ता गरेर गैरजिम्मेवारीपन देखाइएको छ', मन्त्री पाण्डेले भने, 'नागरिकमाथि प्रतिष्ठित व्यापारी र एयरलाइन्सले द्वन्द्व व्यापारजस्तो गर्नुभएको छ । यस विषयले म निकै दुखी भएको छु ।'

यसअघि हवाई सेवा कम्पनीहरूले नियामक निकायसँगको छलफलमा हाडा नियन्त्रणका लागि पाँच बुँदे सहमती गरिएको भएपनि त्यसको कार्यान्वयन नगरेको भन्दै पर्यटनमन्त्री पाण्डेले आक्रोस व्यक्त गरेका थिए । हवाई भाडाबृद्धिबारे गुनासो बढेपछि परराष्ट्र, श्रम र पर्यटनमन्त्रीबीचको बैठकले समेत हवाई भाडा नियन्त्रणका लागि छलफल गरिएको स्मरण गराउदै उनले राज्य र नागकिरप्रति जिम्मेवार बन्न एयरलाइन्सलाई आग्रह गरे । मन्त्री पाण्डेले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्सले समेत अचाक्ली हवाई भाडा लिएकोप्रति सचेत गराए । नागरिकहरूले हवाईभाडाबृद्धिबारे गरेको गुनासोले आफूलाई बढी चिन्तित तुल्याएको बताउदै २४ घण्टाभित्र बिक्रि गरेको टिकटको मूल्य बिहिबार ४ बजेभित्र उपलब्ध गराउन निर्देशन दिए ।

पर्यटनमन्त्री पाण्डेले एयरलाइन्सले हवाई भाडाबृद्धिबारे पुर्नविचार नगरे सरकारले कडा कदम चाल्ने स्पष्ट पारे ।

मन्त्रालयका सचिव डा गणेश पाण्डेयले सम्झौता अनुसार एयरलाइन्सले किन अटेर गरेको भन्दै प्रश्न गरेका थिए । उनले भने,'आफूले गरेको निर्णय आफै लागू गर्नेकी नियमन गर्न कठोर बन्नुपर्ने हो । सम्झौता किन लागू नगरेको । तपाँइहरूले यदि निर्णय कार्यान्वयनमा अटेर गर्नुभयो भने सेवा दिन आउने नयाँ हवाई कम्पनीका लागि सूचना आव्हान गर्न सकिन्छ ।'

नेपाल नागरिक उ•यन प्राधिकरण (क्यान) का महानिर्देशक प्रदीप अधिकारीले एयरलाइन्सले हवाईभाडा नियन्त्रण सम्बन्धी पाँच बुदे सहमति कार्यान्वयन नगरेको र हवाई टिकटमा कृतिम अभाव देखाउदैं कालो बजारी गरिरहेकाले त्यसलाई नियन्त्रण गरेरै छोड्ने अठोट व्यक्त गरे ।

छलफलमा सहभागी एयरलाइन्सका प्रतिनिधिले हवाई भाडाबारे सत्यतथ्य जानकारी दिन आनाकानी गरेका थिए । एयरलाइन्सले चार गुणा बढी भाडा लिएको भन्दै आलोचना भएको थियो । छलफलमा नेपालमा सेवा दिदैं आएका अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीका प्रतिनिधिहरूको उपस्थिति थियो ।

# सर्ने भयो विमानस्थलको इन्धन डिपो

## स्थानान्तरणको डिपिआर गर्न निगम र पुल्चोक क्याम्पसबीच सम्झौता

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा रहेको नेपाल आयल निगमको हवाई इन्धन डिपो स्थानान्तरणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गर्न निगम र पुल्चोक इन्जिनियरिङ क्याम्पसबीच सम्झौता भएको छ । सिनामंगल डिपोमा आयोजित कार्यक्रममा निगमका उपनिर्देशक प्रदीप यादव र पुल्चोक क्याम्पस, कन्सल्टेन्सी सेवाका सहप्राध्यापक नारायणप्रसाद गौतमले सम्झौतापत्रमा हस्तक्षर गरे । सम्झौताअनुसार पुल्चोक क्याम्पसले बढीमा छ महिनाभित्र डिपिआर निगमसमक्ष हस्तान्तरण गर्नेछ ।

डिपिआर तयार गर्न निगमले एक करोड ९८ लाख ८४ हजार एक सय ८३ रूपैयाँ ७३ पैसा उपलब्ध गराउनेछ । विमानस्थलको गुह्येश्वरीतर्फ नागरिक उड्डयन प्राधिकरणले उपलब्ध गराएको ५० रोपनी जग्गामा 'अमेरिकी पेट्रोलियम इन्स्टिच्युट' (एपिआइ) मापदण्डअनुसारको डिपो डिपो निर्माण गर्ने योजना छ । अन्तर्राष्ट्रिय मापदण्डभन्दा बाहिर रहेको सिनामंगलस्थित डिपोका कारण हवाई उड्डयन क्षेत्र समेत जोखिममा रहेको अवस्थालाई मध्यनजर गरी डिपो स्थानान्तरण गर्न लागिएको निगमका उपनिर्देशक यादवले जानकारी दिए । विमानस्थलको धावनमार्गदेखि ट्याक्सी वेबीच हुनुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड कायम गर्न निगमको डिपो हटाउनुपर्ने अवस्था आएको उनको भनाइ छ ।

मुख्य धावनमार्गको केन्द्रदेखि ट्याक्सी वेबीचको दूरी एक सय ७२ दशमवलव ५ मिटर हुनुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड भए पनि हाल विमानस्थलसँगको सो दूरी करिब ९० मिटर मात्रै रहेको छ । 'पछिल्लो समय हवाई साधनको चाप बढेको छ, तर भण्डारण पर्याप्त छैन, हवाइ इन्धनको मौज्दात कम भयो', डिपो स्थानान्तरणको आवश्यकतामाथि प्रष्ट पार्दै डिपो प्रमुख यादवले भने, 'विमानस्थलको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले तयार पारेको गुरुयोजनाअनुसार यस डिपोलाई सार्नुपर्ने बाध्यता छ ।

गत साउन २८ गतेको मन्त्रिपरिषद्को बैठककले एक वर्षभित्रमा हवाई इन्धन डिपो सुरक्षित र सुविधायुक्त स्थानमा सार्न निर्देशन दिएको थियो । विमानस्थलको हवाई यातायात क्षमता अभिवृद्धि गर्न प्राधिकरणले विमानस्थल स्तरोन्नति गरी फराकिलो र सुरक्षित बनाउन थालेको छ । सिनामंगल डिपोको भण्डारण क्षमता अत्यन्त कम रहेको र थप पूर्वाधार निर्माण गर्न पनि सो क्षेत्रमा सम्भव नदेखिएकाले डिपो सार्ने योजना अघि बढाइएको यादवले स्पष्ट पार्नुभयो । विसं २०८४ मङ्सिरसम्म डिपो स्थानान्तरण गर्ने योजना छ ।

सामान्यतया आपत्कालीन प्रयोगका लागि तीनदेखि पाँच दिन र नियमित अवस्थामा पाँचदेखि सात दिनका लागि इन्धन भण्डारण गर्ने गरिन्छ । तर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान भर्ने विमानलाई सेवा दिन २० दिनको माग धान्न सक्ने क्षमताको भण्डारण आवश्यक पर्ने उनको भनाइ छ ।

करिब ५० वर्ष पुरानो सिनामंगल हवाई इन्धन डिपोको भण्डारण क्षमता सात हजार छ सय ६० किलोलिटर छ । हाल यहाँबाट दैनिक चार सय किलोलिटर हवाई इन्धन बिक्री वितरण हुँदै आएको छ । यो डिपोमा एक हजार छ सय किलोलिटरका तीन वटा, सात सय ६० किलोलिटरका तीन वटा र ७० किलोलिटर क्षमताका आठ वटा इन्धन भण्डारण ट्यांक छन् ।

# नौ अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** मंगलबार करिब दुई प्रतिशतले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार भने सामान्य अंकले बढेको छ । बुधबार नेप्से परिसूचक नौ दशमलव ०९ अंकले बढेर दुई हजार सात सय ११ दशमलव ७५ बिन्दुमा कायम भएको हो ।

तीन सय २३ कम्पनीको एक करोड ५४ लाख ६४ हजार पाँच सय ५२ कित्ता सेयर ७४ हजार तीन सय तीन पटक खरिदबिक्री हुँदा रु सात अर्ब नौ करोड २८ लाख ७९ हजार नौ सय ४६ बराबरको कारोबार भएको छ । बैंकिङ समूह शून्य दशमलव २६, जीवन बिमा शून्य दशमलव १८, निर्जीवन बिमा शून्य दशमलव २१ र अन्य समूह शून्य दशमलव ०७ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा धेरै विकास बैंक समूह तीन दशमलव ३८ प्रतिशतले बढेको छ । वित्त एक दशमलव ६६, होटल तथा पर्यटन शून्य दशमलव ४५, जलविद्युत् एक दशमलव २८, लगानी शून्य दशमलव २०, लघुवित्त शून्य दशमलव ०७, म्युचुअल फण्ड शून्य दशमलव ३८ र व्यापार समूह शून्य दशमलव २७ प्रतिशतले बढेको छ ।

# पहिलो चौमासिकमा ८४ अर्ब सरकारी ऋण थपियो

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्ष २०८१/ ८२ को पहिलो चौमासिक अवधिमा करिब रु ८४ अर्ब सरकारी ऋण थपिएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार नेपालको कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४४ प्रतिशत नाघेको हो ।

'चालु आवको सुरुमा कुल सार्वजनिक ऋण रु २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा कात्तिक मसान्तसम्ममा रु ८३ अर्ब ९५ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण रु २५ खर्ब १८ अर्ब पाँच करोड पुगेको छ', कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा भनिएको छ, 'जुन कुल जिडिपीको ४४ दशमलव १४ प्रतिशत हुन आउँछ ।'

विदेशी मुद्राको विनिमय दरमा भएको परिवर्तनका कारण गत असोज मसान्तसम्मको तुलनामा कात्तिक मसान्तसम्ममा रु चार अर्ब ९८ करोड बराबर सार्वजनिक ऋण घटेको प्रतिवेदनमा उल्लेख छ । कार्यालयका अनुसार कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण दायित्व रु १२ खर्ब ५२ अर्ब १६ करोड १८ लाख र बाह्य ऋण दायित्व रु १२ खर्ब ६५ अर्ब ८९ करोड ७२ लाख बराबर छ । जिडिपीका आधारमा ऋण प्रतिशत हेर्दा आन्तरिक ऋण २१ दशमलव ९५ प्रतिशत र बाह्य ऋण २२ दशमलव १९ प्रतिशत हो ।

सरकारले चालु आवका लागि रु पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ ।

# राजधानीमा वुमेन अफ द वर्ल्ड आयोजना हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** वुमेन अफ द वर्ल्ड (वाउ) को सातौं संस्करण आयोजना गर्न लागिएको छ । राजधानीको नक्साल नन्दीकेशर वगैंचा (नारायण चौर) मा मंसिर ८ र ९ गते आयोजना गर्न लागिएको उक्त कार्यक्रमको मुख्य उद्देश्य महिला र बालिकाहरूले भोगिरहेका समस्या समाधान गर्न आपसी सिकाइ र भोगाइबाट उपाय खोज्ने प्रयास हो । लैंगिक उत्तरदायी समाज निर्माण गर्न सार्वजनिक सरोकारको विषयमा सम्मेलनले धेरै मानिसलाई एकै ठाउँमा ल्याउने अपेक्षा गरिएको छ । यसका लागि ब्रिटिस काउन्सिलले काठमाडौं महानगरपालिका र द वाउ फाउन्डेसन, बेलायतसँगको सहकार्यमा सम्मलेन आयोजना गर्न लागेको हो । यसमा नेपाली र बेलायती साझेदारी छ ।

यस्ता कार्यक्रमहरू सामान्यतया बन्द कोठाभित्र हुने गरेका छन् । यसलाई खुला र सबैको पहुँचमा लैजान बगैंचामा कार्यक्रम आयोजना गर्न लागिएको हो ।

सम्मेलन, समानता र लैंगिकता बारे आपसी र सिकाइ आदानप्रदान गर्ने सार्वजनिक मञ्च हो । १० हजार बढी व्यक्ति व्यक्तिहरूको सहभागिता हुने अपेक्षा गरिएको महोत्सव प्रवेश निःशुल्क हुनेछ । महोत्सवमा काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोल, कथा घेरा थिएटर, कर्णाली कला केन्द्रसहित गायिका कुन्ती मोक्तान, गायिका सुवानी मोक्तान, रचना दाहाल, गौमाया गुरुङ सहित २ सयभन्दा धेरै महिला कलाकार सहभागी हुनेछन् ।




२ दिन चल्ने महोत्सवमा विहान योग बक्सिङ हुनेछ । दिनमा चलचित्र प्रदर्शनी, कार्यशाला, अन्तरक्रियात्मक छलफल र संवाद, परामर्श सत्रहरू, प्रदर्शनी, स्थानीय उत्पादन तथा खानाको विक्री, गीत, संगीत, गायन, नृत्य तथा कला प्रस्तुतिसँगै बालबालिकाका लागि विशेष खेल र मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन हुनेछन् । फेस्टिभलमा अल्पसंख्यक कलाकार तथा वक्ताहरूलाई समावेशी तथा लैंगिक क्षेत्रमा गरेका कामका विषयमा जानकारी दिन, सोच प्रदर्शन तथा धारणा राख्नका लागि अवसर दिइनेछ । यहाँ सहभागी महिलाहरूले आफ्ना समस्या, दबाब, अभाव र अवसरका विषयमा खुला छलफल गर्नेछन् । यो राजनीतिकर्मी, अधिकारकर्मी, कला, साहित्य र संगीतजस्ता सिर्जनात्मक क्षेत्रका काम गरिरहेका महिलाहरूले आफ्ना क्षेत्रका अनुभव बाँड्ने अवसर पनि हो ।

# एक्लैले फलाए ४०० मुरी धान

**गुल्मी–** जिल्लाको धुर्कोट गाउँपालिका-६ रजस्थलका एउटै व्यक्तिले चार सय मुरी धान फलाएका छन् ।

स्थानीय मेघनाथ अर्याललले सो परिमाणमा धान फलाएका हुन् । एउटै व्यक्तिले यति धेरै धान फलाउने अर्याल जिल्लामै एक्लो व्यक्ति हुन् । यसपटक उनले तीन सय मुरी धान खेतबाट उठाईसकेका छन् अझै सय मुरी उठाउन बाँकी छ । 'हालसम्म ७५ रोपनी क्षेत्रफलमा लगाएको तीन सय मुरी धान उठाएका छौं, अब २५ रोपनीको करिब सय मुरी उठाउन बाँकी छ, धान काटेर सुकाउन राखेको छु । अब थ्रेसर लगाएर धान र पराल छुट्याउन मात्रै बाँकी छ', अर्याललले भने । उनले सय रोपनीमध्ये ७२ रोपनी आफ्नो र २८ रोपनी भाडामा लिएर धानखेती गरेका हुन् । भाडामा लिएको जग्गाको वार्षिक प्रति रोपनी तीन हजारका दरले बुझाउँदै आएको अर्याललले बताए ।



यसरी उत्पादन गरिएको धानबाट चामल बनाउने र प्याकेजिङ गरेर बेच्ने उनको योजना छ । 'पहाडमा सधैं तराईबाट चामल आउने भएकाले त्यसलाई रोक्न पनि गाउँमै मिलको स्थापना गरी चामललाई बिक्री गर्ने योजना छ', उनले भने, 'मिलका लागि राज्यले सहयोग गरे त धेरै सहज हुने थियो ।'

धान खेतीका साथै उनले व्यावसायिक भैंसीपालन पनि गरेका छन् । उनीसँग अहिले २१ वटा माउ भैंसी, एउटा ठूलो राँगो र १४ वटा पाडापाडी छन् । उत्पादन भएको धानबाट चामललाई ब्रान्डिङ गरी बिक्री गर्ने र भुस भैंसीको आहारका रूपमा प्रयोग गर्ने योजना बनाइरहेको अर्याललले बताए । धान काटेलगत्तै उनले उक्त जग्गामा मकैखेती, घाँस वा अन्य तरकारी लगाउने उनले सुनाए ।

धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेलले एउटै किसानले यति धेरै परिमाणमा धान उत्पादन गर्नुले गरे के हुँदैन भनेर अरुलाई पनि राम्रो सन्देश दिएको बताए । यस्ता किसानलाई प्रोत्साहनका लागि पालिकाले आवश्यक सहयोग गर्ने उनको प्रतिबद्धता छ । 'मेघनाथले मिल स्थापनाका लागि सहयोग पाए हुन्थ्यो भन्ने गरेको सुनेका छौं । यसमा लागत साझेदारी गर्न पालिका तयार छ । धुर्कोटमै चामलको मिल स्थापना हुने विषय पालिकाको लागि गौरवको विषय हो नि', अध्यक्ष पोखरेलले भने ।

कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले गुल्मीमा उत्पादित चामललाई 'ब्रान्डिङ' गर्नुपर्ने बताए । गुल्मी जिल्लाभर यसवर्ष सात हजार हेक्टरमा बर्खे धान लगाएकामा २१ हजार मेक्ट्रिक टन उत्पादन भएको उनले जानकारी दिए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ